लेखापरीक्षण प्रतिवेदन

देवदह नगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

देवदह नगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/556

विषय : लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
देवदह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
खैरहनी, रुपन्देही ।

कैफियतसहितको राय

हामीले देवदह नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सन्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म. ले. प. फा. न. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२४ करोड १९ लाख ९४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम-संघको रु. ८९ लाख ५८ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम-प्रदेशको रु.३ लाख १४ हजार समेत रु.२५ करोड ११ लाख ६६ हजार सुत्रमा समावेश गरेको छैन।

२. देवदह नगरपालिकाको रु. १ अर्ब ८९ करोड ९८ लाख २० हजारको लेखापरीक्षण गरिएकोमा रू. ४ करोड १३ लाख ६४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ३५ लाख ३१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु. ३ करोड ७८ लाख ३३ हजार मध्ये असुल गर्नुपर्ने रू. ४ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू .८९ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ५२ लाख ८८ हजार र पेश्की बाँकी बेरुजु रु.३२ लाख रहेको छ। नगरपालिकाको गत वर्षसम्मको बेरुजु रु.२० करोड ५४ लाख ३३ हजार मध्ये रु. १ करोड ७३ लाख ८१ हजार फर्स्यौट भई रु. १८ करोड ८० लाख ५२ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.२२ करोड ५८ लाख ८५ हजार र पेश्की बांकी रकम रु. ३२ लाख रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने देवदह नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या				दफा संख्या			असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
७६	११२	४,१३,६३,८४४	०	२१	३५,३१,०४३	०	७६	९१	३,७८,३२,८०१	४,३२,१५९	२,५२,८७,८२०	८९,१२,८२२	०	०	३,४२,००,६४२	३२,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	२०,५४,३२,९९२		१,७३,८१,०४२	१८,८०,५१,९५०	-	३,७८,३२,८००	२२,५८,८४,७५०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	४५.३	राजस्व असुली	२६,७९,७७०
२	२०७७/७८	४०	कार्यसम्पन्न प्रतिबदेन तयार नभएको	३१,७६,३०५
३	२०७८/७९	४७	सोझै खरिद	७२,९९,३३३
४	२०७८/७९	५३	खर्च शिर्षक	३६,१७,७४८
५	२०७८/७९	५४	कानुनी सल्लाकार	१,८०,०००
६	२०७८/७९	४९	अन्य कार्यालय खर्च	४,२७,८८६
७	२०८०/८१	६०	बढी निकासा	१,४६,६२०
८	२०८०/८१	९१	फरक सिमेन्टको प्रयोग	३४,२७१

९	२०८०/८१	४६	थप जरिवाना	९,२२६
१०	२०८०/८१	५५	छात्रवृत्ति अनुदान	४३,६००
११	२०८०/८१	४८	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	३२,४८,६००
१२	२०८०/८१	९९	मूल्य अभिवृद्धि कर	४८,७२६
जम्मा				२,०९,१२,०८५

(८०५४८४०२३०० - देवदह नगरपालिका, रुपन्देही)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १२ वडा १३६.९५ वर्ग किलोमिटर क्षेत्रफल तथा ७२४५७ जनसंख्या रहेको ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।१० देखि २०८१।८।१२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ गरी जम्मा रु.१ अर्व ८९ करोड ९८ लाख २० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २२५७३५।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	पारिश्रमिक कर	१२७९६
२	बढी तलव निकासा	१५५९८९
३	बढी बैठक अनुगमन भत्ता	५१०००
४	दोहोरो अनुगमन भत्ता	५९५०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१					
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं		गत आ.ब. को कारोबार	
			जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर		१७,९०,७३,२९७.७७	१४,३९,१६,३३५.३९	१४,३९,१६,३३५.३९
१३०००	अनुदान		४२,७६,२२,२३१.९९	४८,४८,८७,४८२.७९	४८,४८,८७,४८२.७९
१४०००	अन्य राजस्व		५,५५,८१,७७७.०८	५,५९,३२,०२१.०५	५,५९,३२,०२१.०५
१५०००	विविध प्राप्ति		१५, ०४ , १२६.००	०	०
क	कुल जम्मा प्राप्ति		६६,३७,८१,४३२.८४	६८,४७,३५,८३९.२३	६८,४७,३५,८३९.२३
३	चालु		४८,७५,२३,९०४.८८	४९,५९,६६,८५०.८९	४९,५९,६६,८५०.८९
२१०००	पारिश्रमिक / सुविधा		२३,१८,७२,११२.८५	२४,४०,११,०७५.३४	२४,४०,११ ,०७५.३४
२२०००	मालसामान तथा सेवाको उपयोग		१७,१४,३६,०९३.१३	१६,१९,६०,८९३.६८	१६,१९,६०,८९३.६८
२५०००	सहायता (Subsidy)		६,९७,४४,०९१.९०	६,३३,२२,४८१.८७	६,३३,२२,४८१.८७
२७०००	सामाजिक सुरक्षा		६१, ४६ , ४८२.००	१,३१,४७,७७४.००	१,३१,४७,७७४.००
२८०००	अन्य खर्च		८३,२५,१२५.००	१,३५,२४,६२६.००	१,३५,२४,६२६.००
४	पूंजीगत		२२, ७०,०४,९६५.००	२४,६४,५५,४२०.१७	२४,६४,५५,४२०.१७
३१११०	भवन तथा संरचना		१,२७,४५ , ७४६.००	७,७९,०८, २३५.००	७,७९,०८,२३५.००
३११२०	सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स		१, ०८ , ३१ , ३२३.००	१, ३० , २३ , ९२९.००	१, ३० , २३ , ९२९.००
३११३०	अन्य पूँजीगत खर्च		३,९९ ,०००.००	७०,७२,९३७.००	७०,७२,९३७.००
३११४०	सुरक्षा उपकरण		८३,०५१.००	०	०
३११५०	सार्वजनिक निर्माण		२०,१४, २१ ,३४५.००	१४,४६,६५,९४४.१७	१४,४६,६५,९४४.१७
३११६०	निर्मितसरचनाको सुधार खर्च		१३, २६ , ०००.००	१६, ३४ , ३७५.००	१६, ३४ , ३७५.००
३११७०	पूँजीगत सुधार खर्च		१, ९८ , ५००.००	२१, ५० , ०००.००	२१, ५० , ०००.००
ख)	कुल जम्मा भुक्तानी		७१,४५,२८,८६९.८८	७४,२४,२२,२७१.०६	७४,२४,२२,२७१.०६
ग)	बचत /कमी (ग = क-ख)		(५,०७,४७,४३७.०४)	(५,७६,८६,४३१.८३)	(५,७६,८६,४३१.८३)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		३०, ३४ , २१७.६५	२५, ०२ , ६७५.००	२५, ०२ , ६७५.००
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-३७,००६.००		

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(४,७७,१३,२१९.३९)	(५,५१,८३,७५६.८३)	(५,५१,८३,७५६.८३)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		१६,८२,६०,४०१.२४	२२,३४,४४,१५८.०७	२२,३४,४४,१५८.०७
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१२,०५,४७,१८१.८५	१६,८२,६०,४०१.२४	१६,८२,६०,४०१.२४

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २४१९९४१७५।६० ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम संघ तर्फको रु, ८९५८२२२।६० र प्रदेश तर्फको रु.३१४४२२।- समेत गरी रु, २५१२६६८२०।२० – सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सि. नं				
	बजेट शीर्षक	संघ।प्रदेश बजेट	विनियोजन रकम	खर्च रकम
१	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	संघ	११४२१०००	८९५८२२२.६
२	सामाजिक सुरक्षा तथा संरक्षण	सघ	२४२६९१९८४	२४१९९४१७५.६
३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	प्रदेश	३१५०००	३१४४२२

४ **बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दात सुत्रको नगद र बैंक मौज्दातको आधारमा देहाय अनुसार छ । पालिकाको ग ५.१ स्थानीय विविध कोष खातामा महिला कोष सम्बन्धि 15CA05215242401 मा रु. ५५००००।- रहेता पनि सुत्र प्रणालीमा अद्यावधिक हुन नसकेकोले बैंक र स्रेस्ता बीच रु. ५५००००।- को फरक देखिएको जनाएको छ । पालिकाले यस सम्बन्धमा महालेखानियन्त्रक कार्यालयसंग यस सम्बन्धमा पहल गरिरहेको जनाएको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

पालिकाको सुत्रमा भएको वार्षिक प्रतिवेदन तथा म.ले.प. २७० को अनुसूची अनुसार बैंक तथा स्रेस्ता मौजदात देहाय अनुसार रहेको देखिन्छ :

आ.व. : २०८०/८१ अवधी : - स्थानीय तह : देवदह नगरपालिका रुपन्देही		
बैंक तथा नगद बाकी		
यस पालिका अन्तर्गत यो वर्षको अन्तमा निम्नानुसार बैंक तथा नगद बाकी छः		
खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
ग १.१ आन्तरिक राजस्व खाता	०.००	०.४१
ग २.७ विविध खर्च खाता	२५९४०९५.१५	२९४४०९५.१५
ग ३.१ स्थानीय तह धरौटी खाता	१५४६५८२२.९९	१५११५८२२.९९
ग ४.१ स्थानीय तह सञ्चित कोष खाता	९८६४९२४७.२१	९८६४९२४६.८०
ग ५.१ स्थानीय तह विविध कोष खाता महिला विकास कोष	५५००००.००	०.००
ग ५.१ स्थानीय तह विविध कोष खाता	२९८१७५३.००	२९८१७५३.००
ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	३४३२६९.५०	३४३२६९.५०
	१२०५८४१८७.८५	१२००३४१८७.८५

५ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा संघ तर्फको रु. ४६८४७०१० र प्रदेश तर्फको रु. ४०९३३३७ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८१-०३-३० मा फिर्ता गरेको विवरण पेश गरेको छ ।

६ वित्तीय प्रतिवेदनहरुको सार्वजनिकरण

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायीत्व ऐन,२०७६को दफा ५६ र नियमावली, २०७७ को नियम ७३ बमोजिम प्रत्येक कार्यालयले महिना समाप्त भएको सात दिनभित्र खर्चको फाँटवारी फस्यौट हुन बाँकी पेश्कीको विवरण, राजस्व धरौटीको विवरण राजस्वको वैंक हिसावको विवरण धरौटी मिलान विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेखसँग रुजु गरी तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस कार्यालयले सो गरेको पाइएन यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

७ आन्तरिक नियन्त्रण

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता राखेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. २४ लाख ७६ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- संस्थागत विद्यालयहरूको दर्ता, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।साथै संस्थागत विद्यालयहरुको अवस्था बारे आधिकारिक अनुगमन गरेको पाईएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्‍वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ सूचना प्रविधी पद्धति

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।
- सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वियन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएको आम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

९ सफ्टवेयर खरिद तथा उपयोग

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर खरिद गरी देहायबमोजिम खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।पालिकाबाट प्राप्त विवरण अनुसार सफ्टवेयर खरिद तथा उपयोगको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

सफ्टवेरयको नाम	आ व	परिमाण	दर	खरिद रकम	प्रयोजन भए नभएको	प्रयोग भएको शाखा	अन्य चार्ज Renewal AMC
योजना व्यावस्थापन प्रा.लि.	२०७५/०७६	१	३१५०००	३१५०००	प्रयोग भएको	योजना शाखा	४६२७२
नगदी, राजश्व व्यावस्थापन प्रा.लि.	२०७४/०७५	१	११४७०००	११४७०००	प्रयोग भएको	राजश्व तथा वडा कार्यालय	२२९४००
मेडियो सफ्टवेर	२०७९/०८०	१	४०००००	४०००००	प्रयोग भएको	देवदह नगर अस्पताल	

१० **बेरुजु लगत**

पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।पालिकाले म. ले. प. फाराम ८०१ – बेरुजु लगत नराखेको तथा म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन । म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

११ **बजेट तथा कार्यक्रम तर्फ**

११.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु. १ अर्व ३२ करोड ९५ लाख २२ हजार ४३४ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१९ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

११.२ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	१० लाखभन्दा बढीको	जम्मा
४६	१०१	२००	६३	२९	४३९

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १० लाख भन्दा बढी गरी जम्मा ४३९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका ४६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकरात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

११.३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	५,०१,४५,०००.००	३,०२,३५,१०७.७०	६०.३
२	पूर्वाधार विकास	३९,८४,७५,०००.००	१४,७८,३८,८६६.००	३७.१
३	सामाजिक विकास	३४,१७,९१,०००.००	३०,०७,४६,६००.३१	८७.१९
4	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	११,३१,३२,९३४.००	९,५४,३३,७५४.००	८४.३६
5	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१८,०३,८३,०००.००	१४,०२,७४,५४१.८७	७७.७६

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ८७.१९ प्रतिशत र पूर्वाधार विकास मा सबै भन्दा घटीमा ३७.१ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

११.४ **त्रैमासिक खर्च :** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक		कुल खर्च		चौमासिक खर्च				
	बजेट		खर्च प्रतिशत	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
पूँजिगत खर्चतर्फ	५०,०६,४०,४८७	२२,७०,०४,९६५	४५.३४	२,५१,३४,०२३	१, ८७, ६७, ८६०	७,६०, ८७, ७२८	१०, ७०, १५, ३५४	५,५१ ,२७, ९१५
जम्मा प्रतिशत				११.०७	८.२६	३३.५१	४७.१४	२४.२८

पालिकाको सुत्रबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. २२ करोड ७० लाख ४ हजार भएकोमा प्रथम त्रैमासिकमा रु, २ करोड ५१ लाख ५८ हजार अर्थात ११.०७ प्रतिशत , दोश्रो त्रैमासिकमा रु. १ करोड ८७ लाख ६७ हजार अर्थात ८.२६ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. ७ करोड ६० लाख ८७ हजार अर्थात ३३.५१ प्रतिशत, चौथो त्रैमासिकमा रु. १० करोड ७० लाख १५ हजार अर्थात ४७.१४ प्रतिशत र असार महिनामा मात्रै रु.५ करोड ५१ लाख २७ हजार अर्थात २४.२८ प्रतिशत खर्च भएको देखिन्छ। जस अनुसार वर्षान्तको खर्च उच्च रहेको देखिन्छ । आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

११.५ **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष नगर प्रमुख सम्वोधित कार्यक्रममा रु १ करोड उप प्रमुख सम्बोधित कार्यक्रममा रु १ करोड वडा अध्यक्ष आकस्मिक तथा वडा अध्यक्ष सम्बोधित कार्यक्रमा कोषमा रु २९ लाख समेत रु २ करोड २९ लाख अबण्डामा बजेट व्यवस्था गरी विभिन्न योजना तथा कार्यक्रममा खर्च गरेको छ। अबण्डामा बजेट राखी कार्यपालिकाबाट निर्णय गर्ने गरेको देखिन्छ। पालिकाले यसरी अबन्डा बजेट खर्च गर्दा खर्च बजेट कै हाराहारीमा भएको देखिन्छ । पालिकाले बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाई खर्च गर्नुपर्दछ।

११.६ **रकमान्तर :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन २०७८ को दफा २ अनुसार यस वर्ष कार्यापालिकाको निर्णयबाट ४० योजनामा ३ करोड ५९ लाख घटाएको र १८७ योजनामा संशोधन गरी ३ करोड ५९ लाख १८ हजार थप गरी रु ३ करोड ५९ लाख रकमान्तर गरेको छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परीपटीमा सुधार भएको पाईयन ।

१२ **सेवाप्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास	३१	३१
जन्मदर्ता	११७४	११७४
मृत्युदर्ता	४०८	४०८
बसाईसराई दर्ता	३२१	३२१
विवाह दर्ता	५४८	५४८
सम्बन्धविच्छेद दर्ता	८१	८१

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१३ **कानुन निर्माण र कार्यान्वयन**

यसमा निम्न व्यहोरा देखिएका छन्

(क) कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वियनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या हालसम्मको जम्मा ८९ वटा मध्ये ३६ वटा ऐन, ५ वटा नियमावली, ३८ कार्यविधि, ६ निर्देशिका १ मापदण्ड, २ आचारसंहिता १ नर्म्स लगायत ८९ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ ।जसमध्ये आ.व. २०८०।८१ मा ३ वटा ऐन, ९ वटा कार्यविधि र एक वटा १ नर्म्स गरी जम्मा १३ वटा कानुन निर्माण गरी कार्यान्वियन गरेको पाईयो। पालिकाकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ । साथै पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउने गरी कार्यक्रम कार्यान्वियन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(ख) न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३५ र यो बर्ष थप ८८ गरी कुल १२३ वटा विवाद दर्ता भएकोमा ९९ वटा फछ्र्यौट भई २४ वटा फछ्र्यौट गर्न बाँकी रहेको छ।

१४ **राजस्व व्यवस्थापन**

यसमा निम्न व्यहोरा देखिएका छन् -

१४.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली

स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.स.	शिर्षक	अनुमान	असुली	असुली प्रतिशत
१	सम्पत्ति कर	१००००००	६१९८१४१	६१.९८
२	भूमि कर (मालपोत)	७००००००	५८५७०५०	८३.६७
३	व्यवसाय रजिष्ट्रेसन/ वार्षिक कर	११००००००००	३५९४०५८	३२.६७
४	जडिबुटी, कवाडि र जिवजन्तु कर	१०००००	१२५०००	१२५
५	घरवहाल कर	१५००००००	५७११९३७	३८.०७
६	विज्ञापन कर	१०००००	०	०
७	मनोरन्जन कर	५००००	०	०
८	सवारी साधन कर	५००००	१३५००	२७
९	घर जग्गा रजिष्ट्रेसन शुल्क	२५००००००	३५७८०१३६	१४३.१
	कर तर्फ जम्मा	६८३०००००	५७२७९०२२	८३.९
१०	पर्यटन सेवा शुल्क	३०००००	३३५८२८	१११.९
११	परिक्षा शुल्क	५००००	६०५००	१२१
१२	अन्य सेवा शुल्क (सरसफाई शुल्क)	१००००००	०	०
१३	नक्सापास दस्तुर	१२००००००	६४६६९४८	५३.८९
१४	सिफारिस दस्तुर	१००००००	८०५४३२५	८०.५४
१५	व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	८३७८००	१६७.६
१६	नाता प्रमाणित दस्तुर	०	७५१००	०
१७	अन्य दस्तुर	०	४८३१२१३	०
१८	प्राकृतिक स्रोत बिक्रि (गिटि, ढुङ्गा वालुवा तथा अन्य सम्पति बिकी)	८०९१००७१	२८९०३६७४	३५.७२
१९	वन रोयल्टि	१०००००	२६९००	२६.९
२०	वहाल विटौरी कर	१०००००००	९८७९९३१	९८.८
२१	प्रशासनिक दण्ड , जरिवाना र जफत	१००००००	९८१४२५	९८.१४
	गैर कर तर्फ जम्मा	११५८६००७१	६०४५३६४५	५२.२
	कुल संकलन राजस्व	१८४१६००७१	११७७३२६६७	६३.९

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१४.२ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर र विभाज्यकोषको साठी प्रतिशत न.पा. अंश समेत अनुमानित रु. १८ करोड ४१ लाख ६० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ११ करोड ७७ लाख ३२ हजार ६३.९२ अर्थात अनुमान भन्दा ३६ प्रतिशत घटी आम्दानी भएको देखिन्छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१४.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१४.४ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
८४८०६३०२२	११७७३२६६७	१.३८

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४.५ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत मात्र रु. ३५ लाख ९४ हजार कर संकलन गरेको छ भने पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गर्ने तर्फ ध्यानदिनु पर्दछ।

१४.६ **मनोरञ्जन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न मनोरञ्जन सम्बन्धी कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले कुनैपनि किसिमको मनोरञ्जन कर उठाउको छैन। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका मनोरञ्जन सम्बन्धी कर संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१४.७ **आय ठेक्का व्यवस्थापन** - नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले कार्यविधिमा भए व्यवस्था अनुसार नदि जन्य पदार्थको उत्खनन गरी संकलन गरेको घाटगद्यी स्थलको IEE प्रतिवेदन अनुसार उत्खनन तथा संकलन सम्वन्धमा अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१५ सम्पति व्यवस्थापन

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

(क) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन ।

पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

(ख) जिन्सी सम्पतिको सुरक्षा : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ ।पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम पूर्ण रुपमा प्रयोग नगरेको पाईयो ।

(ग) जिन्सी अभिलेखिकरण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

१६ **विपद व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

१७ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ।पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४२ वटा सहकारी संस्था रहेका छन्। त्यसैगरी पालिकामा प्राप्त विवरण अनुसार जम्मा ४२ सहकारी मध्ये २० वटा सहकारीहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार भएको छ भने बाँकी २२ वटा सहकारीहरुको प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१८ **मु.अ.कर समायोजन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सार्वजनिक निकायले खरिद सम्झौता वापतको अन्तिम बिल भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।तर जय देउराली

निर्माण प्रा.लि.लाई गो.भौ.नं. १८-२०८०।११।३ बाट धरौटी रकम रु. १८९९२९ फिर्ता गर्दा मु.अ. कर समायोजन प्रमाण समेत पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,८९,९२९

१९ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरी आर्थिक सहायतमा यो वर्ष रु. १८०००००।- वितरण गरेको छ। पालिकाबाट आर्थिक सहायता वितरण गर्ने कार्य नियन्त्रण गर्नुका साथै सार्वजनिक गर्नुपर्दछ ।

२० महोत्सव तथा अन्य खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ मा संस्था समुह पर्व जात्रा संस्कृती लागयतका समुहलाई आर्थिक सहायता दिन पाउने कानुनी व्यवस्था छैन । पालिका यस विभिन्न पर्व उत्सव महोत्सव धर्मिक सामाजिक सास्कृतिक कार्यमा सहयोग अनुदान दिई रु.२५२९०७०।- खर्च गरेको छ । यस्ता पर्व तथा महोत्सवको लागि सहयोग अनुदान दिइ खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गो भौ न	सहयोग अनुदान पाउनेको विवरण	सहयोग रकम
११७९।०८१।२।१५	छठमाई पुजा वडा न ११	१५००००
२७।०८०।६।१५	हरितालिका तिज अन्तर वडा तिज प्रतियोगिता	३८९३८०
२६४।०८०।८।२४	छठ पर्व	२२१०००
२७८।०८०।८।२५	छठ पर्व	९५०००
३४९।०८०।९।११	तिज मेला संचालन	१०००००
४१४।०८०।९।२२	आदीवासी जानजाति महसंघलाई भाष संस्कृती	१५००००
४६१।२०८०।१०।३	मेला संचालन	५००००
४६२।०८०।१०।३	तमुल्होसार भषा कला संस्कृती	१४५६९०
६५५।०८०।११।१८	थारु कल्याणकारी सभा माघि पर्व	१५००००
७३१।०८०।१२।२	नेपाल मगर दिवस देवदह	१५००००
८८०।०८१।१।६	मगर स्थानपना दिवस वडा न १०	१०००००
९१०।२०८१।१।१०	नेवा दिवस	१४९०००
१६३६।२०८१।३।२४	देवदह उद्योग बाणिज्यसंग औद्योगिक व्यापार मेला	५९००००
१६५५।२०८१।३।२४	थारु कल्याणकारी सभा माघि पर्व वडाबाट	८९०००
जम्मा		२५२९०७०

२१ खरिद व्यवस्थापन

यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

२१.१ **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन

प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

२१.२ **ठेक्का अभिलेखः-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२२ संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२१ दरबन्दी स्वीकृत रहेकोमा विभिन्न पदमा ५९ जना स्थाई र अन्य प्राविधिक सहित ६२ जना कारार सेवाबाट पदपूर्ति गरिएको छ।

२३ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. ३१९०००००।खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।पालिकाले माथि उल्लेखित पद वाहेकका अन्य विभिन्न अधिकृत छैठौ, सहायक कम्प्युटर, इन्जिनियर, सव इन्जिनियर, सहायक चौथो पदमा कर्मचारी कारार नियुक्त गरी खर्च लेखेको छ भने पालिकाले स्वीकृती दरवन्दी भन्दा बढी ३ जना सहायक चौथो, ६ जना साहयक पाचौ, १ जना कानुनको गरी ९ जना नियुक्त गरी रु.३९९२१०८।- खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३९,९२,१०८

२४ भुमी आयोग करार कर्मचारी

पालिकाले पालिका अन्तर्गत रहेका ऐलानी जग्गाको नापजाँच तथा जग्गाको कित्ताकाट गर्नको लागि करारमा नियुक्त गरी यस वर्ष रु.४५६३०००।- खर्च लेखेको छ । जग्गा नापजाँच गर्नको लागि करारमा नियुक्त भएका कर्मचारीले के कति जग्गा नापजाँच गरेको विवरणको प्रतिवेदन समेत तयार गरेको देखिएन । यस सम्बन्धमा अभिलेख तयार गर्नुपर्दछ ।

२५ अतिरिक्त समयको भत्ता

पालिकाबाट अतिरक्त समय काम गरेको भत्ता लिने कर्मचारीले कुन कुन मितिमा कुन कुन समय काम गरेको सो विवरण पेश गरेर खर्च लेखनु पर्दछ । पालिकाले गो.भौ.न.१६०६।३।२३ बाट निम्न व्यक्तिहरुले प्लिन्थलेभल, सुपरस्ट्रकचर, निर्माण सम्पन्न र निर्माण सम्पन्न लागि अतिरिक्त समय काम गरेको भनि रु. १७४०००।- भत्ता लिएकोमा उक्त भत्ता लिन पाउने प्रमाण र अतिरिक्त समय काम गरेको विवरण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

कर्मचारीको नाम	सुपरस्ट्रकचर	निर्माण सम्पन्न	निर्माण सम्पन्न	भत्ता रकम
शेष नारयाण भण्डारी	१० दिन	८ दिन	२५ दिन	४३०००
सुरेष पौडेल	१० दिन	८ दिन	२५ दिन	४३०००
राकेश कुमार बानिय	१७ दिन	८ दिन	२२ दिन	४५०००

प्रमाण पेश नगरेको	१,३१,०००

२६ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १ करोड १२ लाख ७ हजार ५०० सुविधा वापत भुक्तानी भएको विवरण पेश भएको छ ।

विवरण	प्रमुख/अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष १२ जना	कार्यपालिका सदस्य ८ जना	सभाका सदस्य ४३ जना	जम्मा
यातायात खर्च		०	१५८४०००	६७२०००	१८०६०००	४०६२०००
टेलिफोन, मोबाइल	४४०००	४४०००	१०८०००	२२००००	११८२५००	१५९८५००
जनपर्तिनिधि जनसम्पर्क/ विशेष कार्य सुविधा	१४३०००	८८०००	९२४०००	५३९०००		१६९४०००
अतिथि सत्कार	७७०००	६६०००	७९२०००	०	०	९३५०००
खानेपानी/बिजुली/सरसफाई	५५०००	५५०००	०	०	०	११००००
चाडपर्व खर्च	१५०००	१५०००	१८००००	१०५०००	६४५०००	९६००००
जम्मा	३८९०००	३२३०००	४११६०००	१८०००००	४५७९५००	११२०७५००

२७ **कानुनी सल्लाहकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र कानुनी सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । पालिकाले कानुनी सल्लाहकार नियुक्त गरी रु.१८००००।- पारिश्रमिक भुक्तानी दिएको छ । पालिकामा कानुनी सल्लाहकारको दरवन्दी नरहेकोमा न्यायिक समिति र पालिकामा दर्ता हुने मुद्धाको पैरवी गर्न कानुनी सल्लाहकार नियुक्त गरी खर्च लेखेको छ । दरवन्दी नभएकोमा कानुनी सल्लाहकार नियुक्त गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,८०,०००

२८ **न्यायिक समिति बैठक भत्ता**

लुम्विनी प्रदेशको सार्वजनिक खर्च संचालन निर्देशिका, २०७९ को बुँदा नं.४ मा सार्वजनिक निकायले कार्यालयको आर्थिक दायित्व पर्ने गरी बैठक संचालन गर्दा बैठक कार्यालय समय भन्दा अघि वा पछी वसेको हुनुपर्ने बैठकको लागि विशेषज्ञ सेवा आवश्यक पर्ने भएमा बढी ३ जना सम्मलाई आमन्त्रि गरी बैठकमा सहभागि गराउन सकिने उल्लेख छ । पालिकाले गो.भौ.नं. १५४१।३।२२ बाट न्यायिक समितिको विभिन्न मितिमा २१ पटक बैठक बसी भत्ता रु.१६०५९५।- खर्च लेखेको छ ।न्यायिक समितिमा ३ जना पदाधिकारी तथा सदस्य र आमन्त्रित गर्न सकिने ३ जना समेत ६ जनाको २१ पटकको बैठक भत्ता रु.१२६०००।- खर्च लेखनु पर्नेमा रु. १६०५९५।- खर्च लेखेकोले बढी खर्च लेखेको असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२९,४०५

२९ **भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाको कार्य वोधको आधारमा तथा विभिन्न प्रतिवेदन वाह्य संस्थाबाट नगराई कार्यालयका कर्मचारीबाट सम्पादन गरेको समेत जनाएको छ । यस सम्बन्धमा कार्यपालिकाले निर्णय गरी नगर सभाबाट अनुमोदन गरी रु २७५३३८८।- खर्च लेखेको छ । पालिकाले भत्ता खर्च लेख्दा आन्तरिक आयलाई समेत विचार गरी भत्ता भुक्तानीमा नियन्त्रण गर्नुपर्दछ ।

३० **अनुगमन भत्ता**

गो भौ न १६५४।३।२४ - लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ ।सुविधा सम्वन्धी ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ ।पालिकाले उप मेयरको संयोजक रहेको ७ जना अनुगमन समितिले विभिन्न मितिमा पालिका भित्र संचालित योजनाहरुको अनुगमन गरेको अनुगमन प्रतिवेदनमा प्राविधिकको स्टिमेट बमोजिम काम सम्पन्न भएकोले कार्य सम्पादन मुल्यांकनको आधारमा रकम भुक्तानीको लागि सिफारीस गर्ने उल्लेख गरी ५३ पटक अनुगमन गरी रु ५४१०००।- अनुगमन भत्ता लेखेको छ ।पालिकाले गठन गरेको अनुगमन समितिमा सदस्य सचिवसहित ७ जना रहेको छ । पालिकाले अनुगमन समितिमा रहेका पदाधिकारी तथा सदस्यले ५३ पटक अनुगमन गरेको रु. ३७१०००।- खर्च लेख्नुपर्नेमा रु. ५४१०००।- खर्च लेखेकोले बढी रु. १७००००।- खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,४४,५००

३१ **बिविध तथा होटेल खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध खर्चमा रु. २६९७०००।- खर्च गरेको छ ।पालिकामा कार्यरत कर्मचारी,स्थानीय तह प्रदेश तथा कार्यालयबाट आउने कर्मचारी तथा जनप्रतिनिधि चिया, खाजा, नास्ता, खानामा होटेल विल राखी खर्च लेखेकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३२ **इन्धन खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ मा पालिकाले बजेट विनियोजन गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनामा बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरेको छ । त्यसै गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारीलाई सम्वन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउने र अनुसुचीमा उल्लेख भए अनुसार सवारी साधन प्रयोग गर्ने पदाधिकारीलाई मासिक १२० लिटर इन्धन र त्रैमासिक रुपमा ५ लिटर मोविल उपलब्ध गराउने उल्लेख गरेको छ ।पालिकामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा प्राइभेट मोटरसाइकललाई मासिक १० लिटरको दरले र अन्य सवारीसाधनमा इन्धन प्रयोग गरी रु ५८५३०००।- खर्च लेखेको छ । पालिकाले इन्धन प्रयोग हुने सवारी साधनवाइज लगबुकको अभिलेख राख्ने र कानुनमा उल्लेख भए अनुसार कर्मचारी तथा पदाधिकारीले प्रयोग गर्ने सवारी साधनमा मात्र इन्धन खर्च लेखी इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३३ **विद्युत महशुल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा ऐन बमोजिम राख्नुपर्ने लेखा ठिकसंग नराखेको कारणबाट कुनै हानी नोकसानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्ने व्यवस्था छ । पालिका भित्र संचालित वत्तिको विद्युत महशुल समयमा भुक्तानी गरी रिवेट छुट लिनुपर्दछ ।पालिकाले गो.भौ.नं. ९०९।१।१० बाट विद्युत महसुल थप जरिवाना रु.१७५२२६।- सहित

रु.९२३८४२।- र गो.भौ.नं.७६।६।२९ बाट जरिवाना रु.१८४७३।- समेत रु.३१००००।- विद्युत महशुल भुक्तानी गरेकोमा रु.१९३६९९।- जरिवाना तिरेको छ ।पालिकाले समयमा विद्युत महशुल भुक्तानी नगर्दा थप व्ययभार पारी बिद्युत महशुल जरिवाना तिरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,९३,६९९

३४ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कृषकलाई अनुदान, वडा स्तरमा जेष्ठ नागरीक तथा एकल महिला अपांगलाई सम्मानको लागि कार्यक्रममा बजेट विनियोजीत गरी घांस, तरकारी, गहुको विउ, कम्मल तथा झुल वितरण गरेको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सो बाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले वितरण गर्नुपर्दछ।

गो भौ न	लाभग्राहीको विवरण	अनुदानको विवरण	अनुदान रकम
९३९।१।१३	एकल महिला अपांग वडा न ११	कम्मल वितरण	२४७५००।
११२६।२।१४	जेष्ठ नागरिक सम्मान	झुल वितरण	२४६०००।
३२७।९।४	जेष्ठ नागरिक सम्मान वडा न १२	कम्मल वितरण	१५००००।
५४१।९।४	जेष्ठ नागरिक तथा अपाङ्ग सम्मान	ज्याकेट तथा झुल वितरण	२९७७९४।
२९४।८।२७	कृषकलाई निशुल्क वितरण	घांसको विउ	१९४६८५।
३८३।९।१७	कृषकलाई निशुल्क वितरण	विभिन्न विउ विजनहरु	२५००००।
३९४।९।१८	कृषकलाई निशुल्क वितरण	घांसको विउ वितरण	१४८८४०।
४८६।१०।९	कृषकलाई निशुल्क वितरण	घांसको विउ वितरण	२४९०००।
८१९।१२।२५	कृषकलाई निशुल्क वितरण	तरकारी विउ वितरण	१९८४८०।
८९७, ८८४।१।७	कृषकलाई निशुल्क वितरण	बेमौसमी तरकारी विउ	३९२४३०।

३५ विपद व्यवस्थापन कोष

पालिकाले वडा भित्र हुने विपद जोखिम न्युनीकरण गर्नको लागि वडा स्तरमा बजेट विनियोजन गरी खर्च गरेको छ ।पालिकाले वडा स्तरमा विनियोजन गरेको विपद व्यवस्थापन कोषबाट ४९ लाख ९९ हजार खर्च गरेको छ ।पालिकाले विपद जोखिमसंग सम्वन्धी आगजनी बाढि पहिरो जस्ता प्रकोप व्यवस्थापन कार्यमा विपद व्यवस्थापन कोषबाट मात्र खर्च गर्नुपर्नेमा वडा कार्यालयले वडा विपद व्यवस्थापन कोषबाट सडकका खाल्डा, खुल्डा पुर्ने तथा सडक ग्राभेल जस्ता मर्मत गर्ने कार्यमा रु.२२५०२५०।- खर्च गरेकोले विपद व्यवस्थापन कोषबाट सडक मर्मत तथा ग्राभेल जस्ता नियमित मर्मत कार्य गरेको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२२,५०,२५०

३६ गैर सरकारी संस्था मार्फत खरिद

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थाबाट विभिन्न कार्य गराई भुक्तानी गरेको छ । तर संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ। साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल

तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिदैन। यसतर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

गो भौ न	कामको विवरण	गैर सरकारी संस्थाको नाम	खर्च रकम
४८८।१०।९	महिला अभिमुखीकरण कार्यक्रम	ग्लोवलब कलेज अफ इन्जिनियर	१४९४००
७६३।१२।८	व्युटीपालर तालिम	गुरुकुल टेक्निकल कलेज	१९९०००
९४०।१।१३	एडभन्स बुटिक तालिम	ग्लोबल टेरनिङ्ग सेन्टर	३४४५००
११०७।२।११	सिलाई कटाई तालिम	ग्लोवलब कलेज अफ इन्जिनियर	२९९०००
१२१७।२।२३	व्युटिसियन तालिम	ए फोर ट्रेनिङ्ग सेन्टर प्रा ली	३९५०००

३७ **अन्य कार्यालयको खर्च**

गो भौ न ६७६।११।२२- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले मालपोत कार्यालय रुपन्देहीलाई खर्चको विवरण पेश गर्ने गरी रु.४०००००।- भुक्तानी दिएको छ । पालिकाबाट दिएको रकमबाट गरेको खर्चको विवरण पेश नगरेकोले खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,००,०००

३८ **राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगित**

११८२।२।१९- पालिकाले राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालनको लागि देवदह माध्यामिक विद्यालयलाई पेश्की रु ८०००००। दिएकोमा विद्यालयले राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगीता सम्पन्न गरी रु १९१०९६३।खर्च गरेको छ । पालिकाले राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन गर्नको लागि गरिने खर्चको लागत अनुमान स्वीकृती गरेर मात्र विद्यालयलाई पेश्की दिनुपर्नेमा लागत अनुमान स्वीकृत नगरी विद्यालयलाई पेश्की दिएकोमा विद्यालयले मिति २०८०।१०।१२ देखि १४ गते सम्म प्रतियोगिता संचालन गरी खेल मैदान निर्माणको रु ४८८७९२।समेत विभिन्न खर्चका विल पेश गरी रु.१९१०९६३।- खर्च लेखेको छ ।रनिङ्गशिल्ड प्रतियोगिताको लागि संघीय सरकारबाट रु. १ लाख प्राप्त हुनेमा पालिकाले लागत अनुमान तयार गरी मितव्ययी हुने गरी रनिङ्गशिल्ड प्रतियोगिता संचालन गरी खर्च गर्नुपर्नेमा विद्यालयको खेल मैदान निर्माण गरेको समेत विल पेश गरी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,८८,७९२

३९ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका चिया, खाजा, पत्रपत्रिकमा सुचना प्रकाशन, खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १९१८०००।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४० **क्याम्सलाई अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन निर्देशिकामा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसंग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले माध्यामीक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले आर्दश बहुमुखी क्यामपसको वस संचालन अनुदान र शिक्षकको तलब भत्ताको लागि रु ६५००००।- खर्च लेखेको छ ।क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा पालिकाको कार्य क्षेत्र वाहिर गई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	६,५०,०००

४१ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर प्रति विद्यार्थी रु १५ रुपैयाका दरले १८० दिन सम्म खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा ५ सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने उल्लेख छ ।संघीय सरकारको सशर्त कार्यक्रमबाट प्रति विद्यार्थी रु १५ रुपैयाका दरले दिवाखाजा उपलव्ध गराउदै आएकोमा पालिकाले बाल विकास कक्षा देखि ५ कक्षा सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. ५ थप गरी रु २९०१०००। दिवा खाजामा खर्च लेखेको छ।कार्यक्रम कार्यान्वियन पुस्तिकामा संघीय सरकारबाट तोकीए बाहेकका अन्य कक्षाका विद्यार्थीहरुका लागि स्थानीय तहले आफनै श्रोतबाट खाजा ब्यवस्थापन गर्न सकिने उल्लेख छ ।पालिकाले दिवा खाजाको संघीय सरकारले दिएको रकममा बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीका लागि रु.५।- थप गरी राजश्व बाडफाटबाट रु.२९०१०००।- दिवा खाजामा खर्च लेखेकोले कार्यान्वियन पुस्तिकामा उल्लेखीत आन्तरिक श्रोतबाट खर्च नलेखी अन्य श्रोतबाट थप दिवा खाजा खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२९,०१,०००

४२ **कृषि अनुदान**

१४१३।०८१।३।१७ - पालिकाबाट कृषि समुहका लागि अनुदान वितरण गर्दा अनुदान वितरणको मापदण्ड तथा कार्यविधि बनाएर अनुदान दिनुपर्दछ । पालिकाले कृषि समुहका लागि अनुदान कार्यक्रममा वडा कार्यालय ८ को वडा स्तरिय वजेटबाट पृथ्वी उच्च मावि ज्ञान केन्द्रलाई रु. १ लाख अनुदान दिएको छ । पृथ्वी उ.मा.वि ज्ञानकेन्द्रले कृषि सम्वन्धी व्यवसाय गर्न फर्म दर्ता गरेको प्रमाण कति जग्गामा व्यवसाय गरेको लगायत प्रमाण बेगर अनुदान दिएकोले उक्त अनुदानबाट कुन कुन व्यवसायमा खर्च गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

४३ **कृषि तथा पशु तर्फ**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकबाट बिभिन्न १८ कार्यक्रमक लागि रु. ५७०५०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ । साथै अनुदान उपयोग र प्राप्त प्रतिफलको बारेमा अनुगमन गरी अनुदानको प्रोफाइल तयार गर्नुपर्दछ।

सि. नं .	अनुदान/ कार्यक्रमको प्रकार	अनुदानको प्रतिशत	अनुदान रकम रु.
१	मौरी प्रवर्दधन कार्यक्रम	५०	१२२०००
२	कृषि औजार कार्यक्रम	५०	५१७०००
३	एक वडा एक तरकारी नर्सरी स्थापना	५०	१११०००
४	कृषि विद्युत सिंचाई मिटर	१००	३५४०००
५	चैते धान बाली प्रवर्दधन	१००	७२०००
६	साना सिंचाई कार्यक्रम	५०, ८५	२४२९०००
७	बनमा आधारित कृषि उद्यमशिलता कार्यक्रमकालागि प्राङ्गारिक मल वितरण	१००	३९९०००
८	मकै प्रवर्दधन कार्यक्रम	५०	९४६०००
९	मासु प्रवर्दधन कार्यक्रम	५०	१५००००
१०	हरियो घाँस विस्तार कार्यक्रम	१००	६०५०००
	जम्मा		५७०५०००

४४ **खयरडाँडा पुरातात्विक उत्खनन कार्य**

पालिकाले देवदह नगरपालिकाको वडा न ९ अवस्थित खयरडाँडा उत्खनन कार्यको लागि पुरात्व विभागले तोकेको मापदण्ड बमोजिम उत्खननको लागि लुम्विनी विकास कोषलाई रु.१० लाख भुक्तानी दिएको छ । ९३७।०८०।१।१३ बाट लुम्विनी विकास कोषले उक्त खयरडाँड उत्खनन कार्यको लागि लागत अनुमान रु. ९९९६०५।२५ तयारी गरी उत्खनन गरेकोमा लुम्विनी विकाष कोषले उक्त उत्खननमा रु.६०४८५८।- खर्च गरेको प्रतिवेदन पेश गरेकोले बाँकी रहेको रु.३९५१४२।- पालिकालाई फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,९५,१४२

४५ **नगरप्रमुख उप प्रमुख सम्बिधत कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले नगर प्रमुख र नगर प्रमुखसंग उद्यमी रोजगार उप प्रमुख सम्बोधित र उप प्रमुखसंग महिला कार्यक्रममा यो वर्ष रु.१८३०००००। बजेट व्यवस्था गरी विभिन्न योजनामा रु. १४७७३०००।- खर्च गरेको छ। अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनु पर्नेमा विभिन्न नाममा अवण्डामा बजेट विनियोजन गरी प्रचारमुखी तथा वितरणमुखी योजनामा कार्यपालिकाबाट बजेट विनियोजन गरी खर्च गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

गो भौ न	बजेट विनियोजन योजना	अवण्डा बजेटको विवरण	खर्च रकम
७१७।१२।१	देवदह व्याटविन्टन क्लव	वडा अध्यक्ष संबोधित कार्यक्रम	९५०००
३३७।९।८	देवदह प्रेस क्लवलाई	नगर प्रमुख संबोधित कार्यक्रम	२००००
	सिम्रिका आवाज	नगर प्रमुख संबोधित कार्यक्रम	२०००००
५५९।१०।२४	कालिका मन्दिरमा ट्रष्ट नि	नगर प्रमुख संबोधित कार्यक्रम	५७६०००
६२९।११।४	संगम युवा क्लबलाई खेलकुद कार्यमा	नगर प्रमुख संबोधित कार्यक्रम	३०००००
१२०६।२।२३	देवदह व्याडमिन्टन क्लव	नगर प्रमुख संबोधित कार्यक्रम	१९६०००
१५८।१।२३	स्वतन्त्र भुतपुर्व सैनिक कल्याणलाई	उप प्रमुख संबोधित कार्यक्रम	२५००००
३४४।९।११	राम मन्दिर भजन कक्षमा टायललागउने	उप प्रमुख संबोधित कार्यक्रम	१०००००
१२१८।२।२३	स्मृती पार्कमा पद मार्ग	उप प्रमुख संबोधित कार्यक्रम	४८००००
१२३८।२।२७	जनप्रिय मा वी लाई संगितका सामान खरिद	उप प्रमुख संबोधित कार्यक्रम	२०००००
१२४२।२।२७	कोलिया देवदह बचत तथा सहकारी भुक्तानी	उप प्रमुख संबोधित कार्यक्रम	२०००००
	गौतमबुद्ध राष्ट्रिय उद्यान जिपलाईन	उप प्रमुख संबोधित कार्यक्रम	३०००००
जम्मा			२९१७०००

अनियमित भएको	२९,१७,०००

४६ **थप जरिवाना**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रु **९,२२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४७ **जग्गा पुन नापी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ ।गो भौ न ३३३।०८०।९- बाट पालिका भित्र रहेको ऐलानी जग्गाहरु नापजाच गर्न पालिकाले अमिन करारमा नियुक्त गरी नांप जाँच गरेको जग्गाहरु पुन नापी गर्नको लागि जिल्ला नापी कार्यलयबाट आएका निम्न कर्मचारीहरुलाई ३ महिनाको शत प्रतिशत भत्ता रु ५६९१६०।- भुक्तानी दिएको छ ।नापी कार्यलयका कर्मचारीले ३ महिनामा के कती जग्गा पुन नापी गरेको सोको विवरण तथा प्रतिवेदन पेश नगरी खर्च लेखेकोले गरेको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

कर्मचारीको नाम	भत्ता रकम (कर बाहेक)
प्रदिप भर पटेल	८३९००
मोहन झावली	८८५३६
सुग्रिव यादव	१११४०७
सन्तोष भण्डारी	८८५३६
सन्दिप ढकाल	१११४०७।
जम्मा	४८३७८६

प्रमाण पेश नगरेको	४,८३,७८६

४८ **उपचार सहयोग**

पालिकाको कार्यपालिकाको बैठक संख्या १५५ को निर्णयबाट विगत लामो समयदेखि अश्वस्त भई उपचारत पालिकामा कार्यरत शाखा अधिकृत रमेश गिरीलाई रु ५ लाख सहयोग गर्ने निर्णय गरी आर्थिक सहयोग गरेको छ । पालिकाले उपचार सहयोगको लागि मापदण्ड बनाएको देखिएन ।अत उपचार सहायताको मापदण्ड वनाई सोही मापदण्ड अनुसार कर्मचारीलाई सहयोग गर्नुपर्दछ ।

४९ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६४६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५० **शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्या**

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ । साथै नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार ३० वटा सामुदायिक विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपातको विवरण निम्नानुसार छ।

क्र.सं	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति				करार	जम्मा विद्यार्थी	विद्यार्थी शिक्षक अनुपात			
		जम्मा	मा.वि	आ.वि	प्रा.वि	जम्मा	जम्मा	जम्मा	मा.वि	आ.वि	प्रा.वि	जम्मा
१	महामाया भवानी मा.वि. देवदह ४	१८	७	४	७	१८	४	५६६	३०.६	५३.३	१९.९	२६
२	भविष्य निर्माण मा.वि. देवदह २	१७	६	३	८	१७	१०	५७१	२३.७	६६	२८.९	२१
३	केरवानी मा.वि. देवदह ५	२३	७	४	१२	२३	५	९८५	६५.१	७९.५	१७.६	३५
४	देवदह मा. वि. देवदह ७	१७	६	४	७	१७	१०	६१२	४१.५	५९.५	१७.९	२३
५	खडग मा. वि. देवदह १	१०	२	३	५	१०	२	३९४	७५.५	३८.३	२५.६	३३
६	सरस्वती मा. वि. देवदह १	१०	१	३	६	१०	५	२८२	६३	४१.३	१५.८	१९
७	प्रगती मा. वि. देवदह १२	११	१	३	७	११	४	५७८	१५४	७४.७	२८.६	३९
८	सिक्टहन मा. वि. देवदह १२	१७	१	४	१२	१७	११	८६५	१८५	७०.३	३३.३	३१
९	युगज्योती मा. वि. देवदह ६	१५	१	५	९	१५	८	६२८	१३०	४६.६	२९.४	२७
१०	जनता मा. वि. देवदह ८	९	१	२	६	९	२	३७४	६८	६८.५	२८.२	३४
११	ज्ञानज्योती मा. वि. देवदह ८	७	१	०	६	७	२	२१२	३७	०	१६.२	२४
१२	जनप्रिय मा. वि. देवदह १०	१५	४	२	९	१५	४	४६८	४०.५	७९	१६.४	२५
१३	सीता मा. वि. देवदह १०	१२	१	३	८	१२	६	६७३	२१४	८४.७	२५.६	३७
१४	शंकर आ.वि. देवदह ११	७	०	०	७	७	२	२३३	०	०	२२.१	२६
१५	जनता आ.वि. देवदह ११	८	०	२	६	८	४	२४९	०	४५	२६.५	२१
१६	कोटही आ.वि.देवदह ३	६	०	०	६	६	०	१५०	०	०	१२.५	२५
१७	सरस्वती आ.वि. देवदह ६	५	०	०	५	५	२	४८	०	०	५.४	७
१८	कामधेनु संकृत गुरुकुलम्	१	०	०	१	१	१	३३	०	०	०	१७
१९	सुकुन्धरादेवी आ.वि. देवदह ११	३	०	०	३	३	३	३५	०	०	११.७	६
२०	शान्तिप्रिय आ.वि. देवदह ४	३	०	०	३	३	०	२३	०	०	७.६७	८
२१	लक्ष्मी आ.वि. देवदह १	३	०	०	३	३	२	६८	०	०	२२.७	१४
२२	पेटबनिया सा.आ.वि. देवदह २	३	०	०	३	३	२	६०	०	०	२०	१२
२३	फुलबारी आ.वि. देवदह ३	३	०	०	३	३	१	५२	०	०	१७.३	१३
२४	साई बाबा विद्या पिठ	२	०	०	२	२	०	३४	०	०	१७	१७
२५	उदय आ.वि. देवदह ७	३	०	०	३	३	२	१८	०	०	६	४
२६	कालिका आ.वि. देवदह ६	३	०	०	३	३	३	४३	०	०	१४.३	७
२७	संदिप आ.वि.देवदह ९	३	०	०	३	३	०	४५	०	०	१५	१५
२८	व्यास आ.वि. देवदह ७	३	०	०	३	३	१	३२	०	०	१०.७	८
२९	जनकल्याण आ.वि..देवदह-१०	२	०	०	२	२	०	१६	०	०	८	८

३०	मदरसा इ.अ.सु.ग.व. देवदह १	२	०	०	२	२	२	६६	०	०	३३	१७
जम्मा		२४१	३९	४२	१६०	२४१	९८	८४१३	५७.१	६८.३	२०.८	२५

पालिकाबाट प्राप्त सामुदायिक विद्यालयको शिक्षक दरबन्दी तथा विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ३० विद्यालयमा जम्मा विद्यार्थी ८४१३ रहेकोमा शिक्षक संख्या ९८ जना करार समेत ३३९ रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:२५ मात्र रहेको छ । अर्थात १ जना शिक्षकले २५ जना विद्यार्थी मात्र व्यवस्थापन गरेको देखिन्छ भने सबैभन्दा बढी अनुपात रहेको प्रगती मा.वि. मा ५७८ जना विद्यार्थी रहेकोमा १५ जना शिक्षक रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:३९ छ। अर्थात १ जना शिक्षकले ३९ जना मात्र विद्यार्थीहरुलाई व्यवस्थापन गरेको अवस्था छ । सबै भन्दा कम अनुपात रहेको उदय आ. वि. मा १८ जना मात्र विद्यार्थी रहेकोमा ५ जना शिक्षक रहेका छन् । अर्थात १ जना शिक्षकले ४ जना मात्र विद्यार्थीहरुलाई व्यवस्थापन गरेको अवस्था छ ।यसरी माथिको शिक्षक विद्यार्थीको तथ्याङ्कको अनुपात विश्लेषण गर्दा विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी रहेको देखिन्छ । अतः विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालय मर्जर तथा समायोजन दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरि शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा १६ च (१) अनुसार उचित अनुपात कायम गर्नु पर्दछ ।

५१ **नमुना विद्यालय अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३(९.७) मा यस आ.व.मा गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालय वीच सम्झौता गरी शैक्षिक सत्र २०८० को शैक्षिक तथ्यांकमा विद्यालय १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रु. ३० लाख ,१००१ देखि २५०० जना सम्म भए रु. ४५ लाख , २५०० भन्दा बढी भए रु. ६० लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ। उक्त रकम विद्यालयको गुरुयोजना अनुसार खर्च गर्नु पर्ने , विद्यालयले सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। विद्यालय व्यवस्थापन समितिको मिति २०८१।२।२६ को निर्णय अनुसार विद्यालयको शैक्षिक एवम् व्यवस्थापकीय योजना २०८०।८१ तयार पारेको प्रस्तावना पालिकाले २०८१।३।१९ मा संशोधन सहित स्वीकृत गरेको देखिन्छ भने पालिकाले प्रस्ताव स्वीकृत हुनु अगावै अनियमित रुपमा मिति २०८०।१०।१५ मा विद्यालयसंग व्यवसायीक योजना कार्यान्वयन गर्ने सम्झौता गरेको छ। अनुदानको लागि तोकिएको विद्यार्थी संख्या हुनु पर्नेमा पालिकाबाट प्राप्त विवरण अनुसार शैक्षिक सत्र २०८०।८१ मा केरवानी मा.वि.मा जम्मा ९८५ जना विद्यार्थी देखाएकोमा पालिकाले मिति २०८१।३।११ मा १०३९ जना विद्यार्थी रहेको उल्लेख गरी उक्त विद्यालयलाई गो.भौ. नं. २०८-२०८१।३।२२ अर्थात आर्थिक वर्षको अन्त्यमा रु. ४५ लाख श्री केरवानी मा.वि. लाई कार्यसम्पन्न पश्चात सोको प्रतिवेदन र जिन्सी दाखिला रिपोर्ट उपलब्ध गराउने, अनुगमन विना भुक्तानी भएको रकम अमान्य हुने आदी जस्ता शर्त तोकी अनुदान उपलब्ध गराएको छ। साथै निकासा दिएको २०८०।३।२२ मा नै च.नं. १९७ को पालिकाको पत्र मार्फत केरवानी मा.वि.को खातामा रहेको रकम रोक्का राखिदिन NIC ASIA बैंकलाई लेखी पठाएको छ। यसरी आर्थिक वर्षको अन्त्यमा रकम निकासा दिनु उपयुक्त नदेखिएको र योजना बमोजिम कार्य नभएमा संघीय सरकारलाई फिर्ता गर्नुपर्ने देखिन्छ । यसरी लेखापरीक्षण अवधि सम्म पनि योजनाअनुसार कार्य भए नभएको एकिन नगरेको तथा पालिकाले अनुगमन गरी रोक्का रकम फुकुवा गरेको छैन भने विद्यालयले कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन। अतः कार्य सम्पन्न भए नभएको अनुगमन गरी कार्ययोजना अनुसार खर्च भएको विल भर्पाई तथा खर्चको फाँटवारी सहित कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	४५,००,०००

५२ **शिक्षण सहयोग अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० र ४१ मा शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२

महिनाको दरले मा.वि. शिक्षकको लागि प्रति शिक्षक मासिक रु. ४३६८९ र आधारभुत शिक्षकको लागि प्रति शिक्षक मासिक रु. ३४७३० अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी न्युनतम विद्यार्थी रहेका विद्यालयलाई समेत तपसिल अनुसार मा.वि. तर्फ तपसिल अनुसार १/१ दरबन्दी कायम रहेको अवस्थामा समेत शिक्षण सहयोग अनुदान वापत प्रति विद्यालय ७ वटा विद्यालयमा २/२ दरवन्दी थप गरी ३ दरवन्दी अनियमित रुपमा कायम गरी कार्यान्वयन पुस्तिका विपरित १/१ जना शिक्षकको ७ विद्यालयमा निकासा दिएको नियमसम्मत नदेखिएको रु.

विद्यालयको नाम	स्थायी / राहत दरवन्दी	अनुदान शिक्षक संख्या	विद्यार्थी संख्या
कक्षा ९ र १०			
प्रगति मा. वि .	१	२	१०१
सिक्टहन मा. वि .	१	२	९८
सिता मा. वि .	१	२	९२
सरस्वती मा. वि .	१	२	६३
युगज्योति मा. वि .	१	२	८०
जनता मा. वि .	१	२	६८
ज्ञान ज्योती मा. वि .	१	२	३७
कक्षा ६ देखि ८			
ज्ञानज्योति मा. वि .	-	१	७८
शंकर आ. वि .	-	१	७८
सरस्वती आ. वि .	-	१	२१
कोटही आ. वि .	-	१	७५

अनियमित भएको	३९,७५,७००

५३ सार्वजनिकरण

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकासंग निशुल्क शिक्षाकालागि संस्थागत विद्यालयहरुले आरक्षण उपलब्ध गराएको विवरण माग गर्दा प्राप्त भएन। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

५४ विद्यालयलाई प्रति विधार्थी अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.२३.५० मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहाय अनुसार प्रति विद्यार्थी लागतका आधारमा

सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि शिक्षण सिकाई सामाग्रीको लागि ३० विद्यालयमा रु. ३४२३७०० निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) नगराइ अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अनुदानको शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

क्र. सं .	विद्यार्थी संख्या	अनुदानको प्रकार	रकम
१	११६८	प्रति विद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास / पुर्व प्राथमिक कक्षाकालागि अनुदान (ECD अनुदान रु . ५०० का दरले)	५८४०००
२	३३७६	कक्षा १ – ५ (रु . १५० का दरले)	५०६४००
३	२९८५	कक्षा ६ – ८ (रु . २०० का दरले)	५९७०००
४	१३१४	कक्षा ९ – १० (रु . २०० का दरले)	२६२८००
५	१०३४	कक्षा ११ – १२ (रु . २५० का दरले)	२५८५००
६	८१	प्रा. वि . धारको विद्यार्थीलाई प्रति विद्यार्थी लागतका आधरमा (प्रति विद्यार्थी रु . १५००० का दरले)	१२१५०००
		जम्मा	३४२३७००

५५ **छात्रवृत्ति अनुदान**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६ **निःशुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को क्रियकलाप नं. २.४.६.१ (३.१) मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्त समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष ऐच्छिक विषयको पाठ्यपुस्तक समेत गो.भौ.नं. १०९/०८१।१।१० बाट रु. ४१२६२०८।- , गो.भौ.नं. २०५/०८१।३।२२ बाट रु, १११५४४० र २२१/०८१।३।२४ बाट रु. २२३५३।- गरी जम्मा रु. ५२६४००१।- पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

- पालिकाले पाठ्यपुस्तक समयमा उपलब्ध गराए नगराएको ,अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई अनुगमन गरेको पाइएन। अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ।
- पालिकाले आर्थिक वर्ष भित्र विभिन्न चरणमा कक्षा १ देखि १२ मा निशुल्क पाठ्यपुस्तकका लागि निकासा दिएको विद्यार्थी संख्या र अनुदानको एकिकृत अभिलेख तयार गरी प्रमाणित गर्ने र अभिलेखीकरण गर्ने कार्य गरेको छैन।

५७ **प्रगति प्रतिवेदन पेश नगरेको**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को २.८.९ क्रियाकलाप नं. २.७.१३.१३(९.३) अनुसार स्थानीय तहले शैक्षक व्यवस्थापकीय सुधार सुशासनमा उत्कृष्ट कार्य गरेका सामाजिक परीक्षण मापडण्ड २०७८ ले तोकेको विधि ,पद्वती र प्रकृया बमोजिम उच्च अंक प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख निकासा गर्ने व्यवस्था छ। साथै सो बमोजिम विद्यालयले प्राप्त गरेको अनुदान बाट विद्यालयको आवश्यकताको आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययण भ्रमण , प्रविधि युक्त सिकाई , छिमेकी विद्यालयहरु संगको अन्तरक्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्नु पर्ने र विद्यालयले सम्पादित कार्यको आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने र स्थानीय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था छ। पालिकाले गोश्वारा भौचर नं. २२५-२०८१।३।२४ बाट वर्षान्तमा प्रथम हुने देवदह मा.वि.लाई रु,३०००००० र दोस्रो हुने श्री भविष्य निर्माण मा.वि.लाई रु, २०००००० गरी जम्मा रु. ५ लाख अनुदान उपलब्ध गराएकोमा स्थानीय तहले अनुदान रकमको उपयोगको अवस्थाको सम्बन्धमा नियमित अनुगमन नगरेको र विद्यालयले सम्पादित कामको आवधिक प्रगति प्रतिवेदन पेश नगरेको रु,

प्रमाण पेश नगरेको	५,००,०००

५८ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले यो वर्ष कक्षा ६ भन्दा माथिका छात्राहरुको संख्या यकिन गरी आवश्यक्ताको आधारमा आफै प्याड खरिद गरी विद्यालयलाई वितरण नगरी १७ वटा विद्यालयलाई गो.भौ.नं ७३ -२०८०।१०।२४ बाट रु. २९ लाख २ हजार ९७० निकासा गरेको छ। ति विद्यालय मध्ये १५ वटा विद्यालयले विभिन्न सप्लायर्सबाट २०४२९ थान प्याड रु. १०३७६७८ बराबरको खरिद गरी बाँकी रु. १८ लाख ६५ हजार २९२ मिति २०८१।३।२४ मा पालिकाको खातामा फिर्ता गरेका छन् । यसरी विद्यालयलाई खरिद गर्न दिदाँ खरिद दरमा तथा गुणस्तरमा एकरुपता कायम नहुनुको साथै भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्न सक्ने वा नसक्ने अवस्थाको आंकलन नगरी विद्यालयलाई खरिद गर्न दिनु उचित देखिदैन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तर ह्रास नआउने गरी भण्डारण क्षमता विश्लेषण गरेर मात्र प्याड खरिद तथा हस्तान्तरण गर्नु पर्दछ। साथै पालिकाले प्याड भण्डारण अवस्थाको अनुगमन गरेको छैन।यसर्थ पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्नु लगाउनु पर्दछ।

५९ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ । पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत २९ विद्यालयका ४२०५ विद्यार्थीकालागि औषत १३८ दिनमा वर्षभरीमा ५८०३१२ दिन विद्यार्थी उपस्थित भएको जनाई रु. ८७ लाख ४ हजार ६८० अनुदान उपलब्ध गराएको छ। यस सम्बन्धी देखिएका व्यहोराहरु निम्न छन् :

- स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा

केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र अध्यक्ष र प्र. ले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन।

- विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड गुणस्तर व्यवस्थापनका नमुना अनुसूची ४ मा राखे बमोजिम कार्यान्वयन गर्नु पर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन।
- विद्यालयले स्थानीय कृषक संग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र बील भरपाई सुरक्षित रुपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमिति बाट अनुमोदन गर्ने व्यवस्था अनुसार बील भरपाई राखे पनि अनुमोदन भएको पाइएन।

६० **बढी निकासा**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा भएको रकम असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिलमा उल्लेख भए बमोजिम बढी निकासा दिएको छ :

६०.१ सिक्टन मा.वि. देवदहका प्रा.वि.तृतीय शिक्षक श्री शुभम न्यौपाने मिति २०८०।११।१४ गते जनचेतना मा.वि. सैनामैना सरुवा भई गएकोमा तेस्रो त्रैमासिक निकासा दिदा ४५ दिनको रु. ५७८८८ मात्र निकासा दिनुपर्नेमा पुरै ३ महिनाको (तेस्रो त्रैमासिक) रु, ११५७७६ निकासा गरेकोले बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु,

असुल गर्नुपर्ने	५७,८८८

६०.२

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४३,६२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६०.३ पालिकाले दरवन्दी अनुसारको शिक्षकहरुको तलवभत्ता निकासा गर्नुपर्नेमा निम्न विद्यालयमा शिक्षकको बढी तलवभत्ता निकासा गएको रकम असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	निकासा	दिनुपर्ने निकासा रकम	दिएको निकासा रकम	बढी निकासा रकम
युगज्योति मा. वि .	तेस्रो	२२७५०००	२३८४०००	१०९०००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,०९,०००

६१ **राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्यांकन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी सो अनुसार अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

६२ **तलव निकासा**

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यरत शिक्षकहरुको तलवी माग फारम रुजु गरी विद्यालय अनुसार शिक्षकहरुको पद ,तह र नाम नामेसी उल्लेख गरी सो रुजु गरेको मागफारमको आधारमा पेरोल तयार गरी निकासा दिनुपर्नेमा पालिकाले यस वर्ष शिक्षकको तलव भत्ता निकासा गर्दा पेरोल तयार नगरी केवल विद्यालयको माग फारामको आधारमा मा.वि. , आ. वि. तहका स्वीकृत दरबन्दी तथा राहत शिक्षक,शिक्षण सहयोग अनुदानका शिक्षक, प्रारम्भिक वाल विकाश सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक गरी ३० विद्यालयहरुमा प्रथम चौमासिकमा रु. ४ करोड ८३ लाख ७० हजार, दोस्रो चौमासिकमा रु. ४ करोड १९ लाख ६२ हजार, तेस्रो चौमासिकमा रु. ४ करोड ३ लाख ९७ हजार , चौथो चोमासिकमा रु. ३ करोड ६७ लाख ७७ हजार र छुट तलब रु. ७ लाख १ हजार गरी जम्मा रु. १६ करोड ८२ लाख ६ हजार तलव भत्ता शीर्षकमा निकासा दिएकोले तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः माग फाराम रुजु गरी सो रुजु गरेको मागफारमको आधारमा पेरोल बनाई सोही आधारमा निकासा दिनु पर्दछ।

६३ **समानीकरण अनुदानबाट शिक्षकको तलव तथा यातायत खर्च**

अन्तर सरकारी व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेको एव विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरवन्दी भित्र नपरेका एंव विद्यालयले गत विगत देखि नै आन्तरिक श्रोतबाट राखेका शिक्षकको शिक्षक विद्यार्थी अनुपात तथा दरबन्दी मिलान वेगर र विद्यालयको व्यवस्थापन खर्च यातायात खर्च समेत समानिकरण अनुदानबाट भुक्तानी गरेको छ । शसर्त अनुदानबाट तलव भत्ताको व्यवस्था भएकोमा वित्तीय समानीकरण अनुदानबाट निजी शिक्षकको तलब भत्ता विद्यालयको व्यवस्थापन तथा यातायत खर्च लेखेकोले पालिकाले यस्तो अनुदान दिने कार्यमा न्युनीकरण गर्दै जानुपर्दछ ।

गो भौ न	अनुदान पाउने विद्यालय	खर्चको विवरण	अनुदान रकम
९६।०८०।६।२९	शान्तिप्रिय आधारभुत विद्यालय	शिक्षक तलव तथा यातायात खर्च	५०००००
१९७।०८०।७।२१	सन्दिप आधारभुत विद्यालय	शिक्षक तलव तथा यातायात खर्च	७०००००
१९७।०८०।७।२१	सिकटहिन माध्यामिक विद्यालय	शिक्षक तलब तथा व्यवस्थापन खर्च	६०००००
५७०।१०।२६	कोटही आधारभुत विद्यालय	शिक्षक तलब तथा व्यवस्थापन खर्च	४०००००
६५२।११।१३	श्री खडग माध्यामीक विद्यालय	शिक्षक तलब तथा व्यवस्थापन खर्च	२५००००

६४ **परम्परागत विद्यालय अनुदान**

कार्यक्रम कार्यान्वय पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.११ मा कक्षा १- ५ संचालित विद्यालयका लागि वार्षिक एकमुष्ठ रु. २ लाख ४१ हजार , कक्षा १-८ संचालित विद्यालयका लागि एकमुष्ठ रु. ५ लाख र कक्षा १ -१२ संचालित विद्यालयकालागि एकमुष्ठ १० लाख उपलब्ध गराउने व्यवस्था छ। साथै परम्परागत शिक्षण संस्था (संचालन तथा व्यव्थापन) मापदण्ड ,२०७९ मा सशर्त अनुदान प्राप्त गर्न अनुसूचिमा उल्लेखित पूर्वाधार भई प्रति कक्षा न्युनतम ११ विद्यार्थी भएको र भर्ना भएका बालबालिकाको कम्तिमा ७५ प्रतिशत नियमित उपस्थिति भएको हुनुपर्ने व्यवस्था छ। तर पालिकामा संचालित श्री कामधेनु संस्कृत गुरुकुल विद्यालय केवल कक्षा ६

र ७ मात्र संचालित रहेको अवस्था देखिदा उक्त अनुदान प्राप्त गर्ने स्थिति देखिदैन भने पालिकाले भर्ना भएका बालबालिका मध्ये ७५ प्रतिशत नियमित उपस्थित भएको र अनुसूचिमा उल्लेखित पूर्वाधार भएको प्रमाण संलग्न नगरी कार्यान्वियन पुस्तिका अनुसार नचलेको उक्त विद्यालयलाई गो.भौ.नं. १५१-२०८१।२।३२ बाट रु. ५ लाख निकासा दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५,००,०००

६५ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । पालिकाले यस वर्ष तपशिल अनुसार औषधि तथा सर्जिकल सामाग्रीहरु रु. २४४९०४४ औषधि खरिद गरेको छ। औषधि खरिद कार्य गर्दा प्रतिस्पर्धा मार्फत गर्ने तर्फ प्राथमिकता दिनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

गो. भौ . नं .	फर्मको नाम	ठेक्काबाट खरिद रकम	सोझै खरिद रकम	जम्मा खरिद रकम
१२३- २०८१।२।२	ह्याट मेडिको डिष्टिव्युटर्स	-	४९९४०	४९९४०
६९- २०८०।१०।१६	मेडिगोल्ड इन्टरनेशनल प्रा. लि .	९०१८२६	-	९०१८२६
११०- २०८१।१।२४	श्री राम मेडिको कन्सर्न	-	९९९४७८	९९९४७८
४५२- २०८०।९।२६	श्री क्यु इन्टरनेशनल	-	४९७८००	४९७८००
जम्मा				२४४९०४४

- सोझै खरिद भएका औषधिहरुको मूल्य उप्पादकले राष्ट्रियस्तरको समचारपत्रमा मूल्यसूची प्रकाशन गरेको उत्पादकबाट उप्पादित औषधि पालिकाले खरिद गरेको छैन ।अतः प्रतिस्पर्धा गराएर मात्र औषधि खरिद गर्नुपर्दछ।
- स्टोर दाखिला हुनुअघि औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त हुने मिति, उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख गरी समन्धित विषयविज्ञबाट प्रमाणित गराइ निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने गरेको छैन ।
- पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन।
- औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भइ आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन ।
- खरिद भएका औषधिहरु स्टोर दाखिला गर्दाको समयमा १८ महिना भन्दा बढी म्याद भएको अर्थात सेल्फ लाईफको ७५ प्रतिशत म्याद हुनुपर्ने व्यवस्था छ। मेडिगोल्ड इन्टरनेशनल प्रा.लि.बाट खरिद गरी मिति २०८०।७।२ अर्थात (२०२३ अक्टुवर १९) मा दाखिला गरिएका १२० प्रकारका औषधिहरु मध्ये १२ प्रकारका औषधिहरु दाखिला मितिका हिसाबले १८ महिना सम्मको कम्तिमा म्याद हुनुपर्नेमा सोभन्दा कम अवधि भएका औषधिहरु खरिद गरिएको छ। अत: पालिकाले खरिद भएका औषधिहरुको सबै विवरण खुलाई औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

६६ भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र प्रयाप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आगामी वर्ष भुक्तानी दिने गरी महालेखा परीक्षकको कार्यालयबाट स्विकृत ढाँचामा भुक्तानी दिन बाँकी विवरण तयार गरी आ.व. समाप्त भएको ७ दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था बमोजिम भुक्तानी दिन बाँकीको

विवरण प्रमाणित नगराई गो.भौ. नं. १२८ -२०८१।२।७ बाट देवदह मेडिकल कलेजलाई आ.व.२०७९।८० रु. ४ लाख ९७ हजार ५०० भुक्तानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	४,९७,५००

६७ **संघीय संचित कोषमा फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेमा खर्च गर्न सकिने उल्लेख छ । पालिकाले उप-प्रमुख संग गर्भवती सुत्केरी तथा पोषण कार्यक्रम अन्तर्गत सुत्केरी आमालाई वितरण गरेको पोषण झोला खर्च रु. ९२७०० पालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्नु पर्नेमा गो.भौ. नं. १११-२०८१।१।२५ बाट संघीय सशर्तबाट खर्च लेखेकोले उक्त रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९२,७००

६८ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ २८ कर्मचारीको रु.१ करोड ९९ लाख ६ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउनेभन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्ननसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ६ वटा योजना संचालन गरी ४८ जनालाई औषत ९७.३५ दिनले रोजगारी उपलब्ध गराई कुल रु, ३१२१५६४ श्रमिक ज्यालामा खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

(क) दुर्घटना बिमा: निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।

७० **विज्ञापन**

विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ क को उपदफा ३ र ४ वमोजिम विज्ञापन वापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको तिन प्रतिशत रकम कट्टा गरी विज्ञापन वोर्डको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसार विज्ञापन वापत रकम भुक्तानी भएकोमा उक्त व्यवस्था वमोजिम कट्टा गरी वोर्डको खातामा दाखिला भएको नपाईएकोले असुल गरी सम्वन्धित खातामा दाखिला हुनुपर्ने देखिएको रु.

गो भौ नं. र मिति	फर्मको नाम	भुक्तानी रकम	३ प्रतिशतले हुने रकम
२।०८०।९।१६	मेचिकाली सन्देश प्रकाशन प्रा लि	३००००	९००
२५।०८१।२।२२	बुटवल पब्लिकेशन प्रा लि	२२८८६	६८६
१६।०८१।२।२२	बुटवल पब्लिकेशन प्रा लि	३००००	९००
३३७।०८१।१।१२	बुटवल पब्लिकेशन प्रा लि	६००००	१८००
४४०।०८१।२।२२	बुटवल पब्लिकेशन प्रा लि	६००००	१८००
४४१।०८१।२।२२	मेचिकालि सन्देश	३००००	९००
			६९८६

असुल गर्नुपर्ने	६,९८६

७१ **वन पैदावार आय**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

७२ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा स्तरमा जेष्ठ नागरीक सम्मान कार्यक्रममा बजेट विनियोजीत गरी वडा न.५,६,७ बाट रु ८९७६११।कम्मल खरिद गरी जेष्ठ नागरीकलाई वितरण गरेको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

भौ नं	संस्था	सामाग्री	रकम रु
४९१।०८१।३।१३	जनजाती भवनलाई	कुर्सी वितरण	९६३००
४१४।०८१।२।१४	ड्रिम देवदह युनिट फर चेन्ज	प्रिन्टर १ थान	५००००
		टेबल दराज	

७३ **बनमा आधारित कृषि उद्यमशिलता विकास कार्यक्रम**

पालिकाले देवदह ८ मा संचालित बनमा आधारित कृषि उद्यमशिलता विकास कार्यक्रमका लागि शत प्रतिशत अनुदान अन्तर्गत सौभाग्य मल खरिद गर्न भौ नं २८०।०८०।१२।५ बाट रु. १८००००।– र ४८९।०८१।३।१२ बाट रु. २१९०००।– गरी रु. ३९९०००।– को तिलोत्तमा अर्गानिक फर्म एण्ड रिसर्च सेन्टर प्रा.लि. भुक्तानी दएको देखिन्छ । उक्त मल पालिकाले विभिन्न संस्थालाई क्विन्टल

परिमाणमा दिएकोमा उक्त मल प्रयोग सम्बन्धमा विवरण उल्लेख नभएको, कृषकको संलगनता तथा खेती र उत्पादन सम्बन्धमा अनुगमन समेत भएको नदेखिएकोले यससम्बन्धमा प्रमाण पेश हुनुपर्ने रु.

गो.भौ.नं./मिति	खर्चको विवरण	मल बुझेको संस्था	खर्च रु
४८९।०८१।३।१२	सौभाग्य मल ७३७० केजी	पृथ्वी उमा ज्ञान केन्द्र नेपाल- २० क्विन्टल	२१९०००
		बुद्धदिप कल्ब – २० क्विन्टल	
		बुद्ध मावली बहुउद्धेशयिय सहकारी संस्था – १० क्विन्टल	
		देवदह ग्रिन एग्रो रिसर्च एण्ड रिसोर्ट प्रा लि- २३ क्विन्टल	
२८०।०८०।१२।५	सौभाग्य मल	विभन्न समूह	१८००००
जम्मा			३९९०००

प्रमाण पेश नगरेको	३,९९,०००

७४ **मोवाईल खरिद**

स्थानीय तहका पदाधिकारीहरुको सुविधा प्रदेश कानुन वमोजिम हुने संवैधानीक व्यवस्थाअनुसार लेम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा सम्वन्धि ऐन, २०७६ मा पदाधिकारीले पाउने सुविधा तोकिएको र उक्त कानुनमा मोवाईल तथा घडी पाउने व्यवस्था देखिदैन । साथै कार्यालय प्रयोजनका लागि उपयोग गर्ने मोवाईलको मापदण्ड समेत नवनेकोमा मेयरको लागि यस वर्ष भौ नं २९२।०८०।१२।२७ बाट भैरव टेक्नो पार्कसंग रु. २०५०००।– मा सामसुङ S24 Ultra मोवाईल खरिद गरी रकम भुक्तानी भएको छ । कार्यालयले यसरी सुविधा सम्वन्धि ऐन विपरित मोवाईल खरिद गरेको नियमसमम्मत नदेखिएको रु.

अनियमित भएको	२,०५,०००

७५ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष देहाय अनुसार एयर कन्डिसन जस्ता सामाग्रीहरु नियमानुसार रु.१० लाख भन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउ पत्र मार्फत गर्नुपर्नेमा पटक पटक खरिद गरेको नियमानुसार देखिएन । यसरी प्रतिष्पर्धा सिमित हुने गरी सोझै खरिद गर्नु हुँदैन । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद कार्य गर्नुपर्दछ ।

भौ नं	खरिद विवरण	आपूर्तिकर्ता	रकम
४०।०८१।३।१९	Konka 2 ton AC KAC24-GHA-P101 –६ थान	तातो चिसो सर्भिस सेन्टर प्रा लि	५८७९९४
२९।०८०।६।३०	Goenka 2 ton AC - २ थान	नेचुरल इलेक्ट्रोनिक्स प्रा लि	२९७१९०
५५८।०८१।३।२३	Konka Ac	डिजिटल इन्टरप्राइजेज	२५२४९८

७६ **असम्बन्धित खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कारोबारको भुक्तानी दिँदा रित पुगे नपुगेको चेकजाँच गरी मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ नं ५१९।०८१।३।१७ बाट न्यू साझा इम्पेक्सबाट रु ११३०००।– मा १ थान ट्रेड मिल खरिद गरेको पाईयो । उक्त ट्रेड मिल पालिकामा रहेको देखिएन । यस प्रकृतिको सामाग्री खरिद गरी सरकारी खर्च लेख्नु नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१,१३,०००

७७ **कार्यक्रम।शीर्षक भन्दा फरक खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं./मिति	खर्चको विवरण	भएको खर्च कार्यक्रम शिर्षक	खर्च रु
४९१।०८१।३।१३	जनजाती भवनलाई कुर्सी वितरण	जनजाती भवन अगाडी नालामा ढक्कन राख्ने	९६३००
४५०।०८१।२।२३	वडा स्तरीय सी.सी क्यामरा जडान उ.स	वडा स्तरीय ग्राभेल	३९२०००
	जम्मा		४८८३००

अनियमित भएको	४,८८,३००

७८ **तराई-मधेश समृद्धि कार्यक्रम**

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ (पहिलो संशोधन) को दफा ५ को उपदफा १ मा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट सतरी प्रतिशत र स्थानीय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख छ । पालिकाले देहाय अनुसारका तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतका आयोजनामा पालिकाको तर्फबाट लागत सहभागिता नगरी कार्यक्रमको बजेटबाट शत प्रतिशत खर्च भएको देखिन्छ ।पालिकाले सरन खोला (घोडाहा तर्फ) बाँध तटबन्ध कार्यक्रमका लागि देवका कन्स्ट्रकसन प्रालिसंग रु.१५२८६६९।– को सम्झौता गरी रु. १५२००००।– कार्यसम्पन्न भुक्तानी दिएकोमा पालिकाबाट लागत सहभागिता गरेको देखिएन । निर्देशिका विपरित लागत सहभागिता वेगर आयोजना सञ्चालन गरेको नमिल्ने देखिएकोले ३० प्रतिशतले हुने रु. ४५६०००।- संघिय संचित कोषमा फिर्ता हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,५६,०००

७९ **१० शैया अस्पताल निर्माण**

पालिकाले १० शैयाको देबदह नगर अस्पतालको भवन निर्माणको लागि रू.९६१३०९२५।२४ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी ओम सत्यसाई।भिमज्योती।ओम ईन्फ्राटेक जेभीसँग मिति २०८०।३।३२ भित्र निर्माण कार्य सक्ने गरि २०७७।३।२४ मा रू.६७५४११३५।२६ को निर्माण सम्झौता गरी २०७९।८० सम्म आर्थिक वर्ष सम्ममा रू.२०२४२७२०/३७ भुक्तानी खर्च लेखेको छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा संघ समपुरक अन्तर्गत रहेको उक्त योजनाका लागि संघबाट बजेट प्राप्त नभएको र पालिकाबाट न्यून बजेट मात्र विनियोजन भएकोले निर्माण व्यवसायीबाट विल पेश नभएको जनाएको छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा बजेट विनियोजन भई हाल विल पेश भई भुक्तानी भई रहेको जनाएको छ । निर्माण कार्यको नगरस्तरीय निर्णयबाट म्याद थप भई २०८२।३।१० सम्म म्याद कायम गरेको पाईयो ।पालिका तथा निर्माण व्यवसायीले निर्माण कार्यमा तिब्रता ल्याउनुका साथै बजेटको प्राप्ती तथा व्यवस्था गरी सम्झौता अनुसार समयमै कार्य सम्पन्न गराउनुपर्दछ ।सम्झौता अनुसार समयमै कार्य सम्पन्न गर्नुपर्नेमा नगरेको र दुई पटक म्याद थप गर्दा समेत न्यून प्रगति रहेकोले निर्माण व्यवसायीलाई दिईएको

पेश्की मध्ये रु. ८५९३३२४।– फस्योँट गर्न बाँकी रहेको देखिन्छ । उक पेश्की सम्बन्धमा २०७८।७९ को प्रतिवेदनमा समेत उल्लेख भएकोमा हाल सम्म फस्योँट नभएकोले सिघ्र फस्योँट हुनुपर्दछ ।

८० **ठेक्का नं-२।८०-८१**

प्रदेश समपुरक कार्यक्रम अन्तर्गत विर्ता चोक देखि वडा नं १२ सिमाना देखि वडा नं १- पेटबनिया देखि पूर्व राजाबारी जाने बाटो कालोपत्रे ठेक्का नं २।८०-८१ बाट रु ७६७९८०९।– को लागत अनुमान तयार गरी गगन निर्माण सेवा बुटवलसंग रु. ५२३७२८५।– मा २०८०।१२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।८।२० मा सम्झौता भएकोमा २०८१ असार सम्म ४२ प्रतिशत प्रगति भएको देखिन्छ । उक्त निर्माण कार्यको वाटर आउटलेट र जग्गा विवादको कारण २०८१।२।२० मा म्याद थप भएकोमा पुन: २०८२ असार सम्म म्याद थप गरेको देखिन्छ ।पालिकाले निर्माण व्यवसायीले बेश बनाउने सम्मको कार्य गरेको जनाएको छ । सम्झौता अनुसार निर्माण कार्यमा प्रगति गरी तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।

८१ **कार्यप्रगति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार निर्माण कार्यको सम्झौता बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । पालिकाले ठेक्का नं ०३।८०-८१ मुनामदन चोक देखि दुर्गा मन्दिरसम्म नाली निर्माण वडा नं ९ बुद्ध पथ देखि पाल्पाली टोल जोड्ने बाटो नाली सहित कालोपत्रे निर्माण कार्यका लागि रु ७६७७०५५।– को लागत अनुमान तयार गरी एन.एस.एस विल्डर्स प्रा लि संग रु. ५५९८८७९।– मा २०८०।१२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८०।८।२० मा सम्झौता भएकोमा २०८१ असार सम्म ५५ प्रतिशत कार्यको प्रगति भएको प्रतिवेदन तयार गरेको देखिन्छ । उक्त निर्माण कार्य गर्दा स्थानीय जग्गा विवादको कारण उच्च उदालत तुल्सीपुर बुटवल इजलासमा निर्माण व्यवसायी तथा वडा कार्यालयलाई विपक्षी बनाई मुद्धा परेकोले निर्माण कार्य अवरुद्ध भई दोश्रो पटक पालिकाबाट २०८२ असार सम्म म्याद थप गरेको देखिन्छ । पालिकाले निर्माण व्यवसायीले हाल म्याद थप भईसकेकोले कार्य सूचारु गर्न लगाई तोकिएको समयमा कार्य सम्पन्न गराउनुपर्दछ ।

८२ **आँधीखोला मार्ग कालोपत्रे निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ २क (११ औं शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । SQ -१८।७९-८० देवदह-६ अन्तर्गत आँधीखोला मार्ग कालोपत्रे निर्माण रु. ९९९७२७।- को लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी एन.एस डेभलप्मेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. सँग मिति २०८१।३।२४ भित्र निर्माण कार्य सक्ने गरी २०८१।२।२२ मा रु.९४२१४१।- को सम्झौता गरी प्रथम विल रु. ३१३१४५।०० को विल पेश गरेकोमा २०८१।३।१६ मा नगरस्तरीय अनुगमन समितिबाट आंशिक रुपमा सम्पन्न भएको माईन्यूट तयार गरेकोमा सोही अनुसार कार्य प्रगति work progress report तयार गरी ३३ प्रतिशतको हाराहारीमा नै कार्य सम्पन्न गराई भुक्तानी गरेको छ ।निर्माण व्यवसायीलाई सम्झौताको शर्त बमोजिम कार्य सम्पन्न गराउनुपर्नेमा तथा सो अनुसार कार्य नगरेकोले सम्झौता बमोजिम कारवाही गर्नुपर्नेमा सो नगरी रु. ६२८९९६।- को कार्य बाँकी नै रहेको र अधुरो कार्य पुरा गर्न पुन: कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने भएकोले यसरी नियमावलीको व्यवस्था विपरित कार्य प्रगति तयार गरी निर्माण कार्य अधुरो राखेकोमा पालिकाले सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्ने तथा कार्य सम्पन्न गराउनुपर्दछ ।

८३ **प्रोभिजनल सम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।त्यसैगरी पालिका र निर्माण व्यबसायी बीच भएको निर्माण कार्यको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा देहायका निर्माण व्यबसायीले प्रोभिजनल समको देहाय अनुसार भुक्तानी लिएकोमा कर विजक तथा विल भर्पाई पेश नगरेकोले सोको विल पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनु पर्ने रु.

सि.नं.	निर्माण कार्य	निर्माण व्यवसायी	प्रोभिजनल सम आईटम	बि. ओ . क्यू रकम	भुक्तानी रकम
१	NCB-RD-01/79-80	सामर्थ कन्स्ट्रकसन	ल्याब टेस्ट	३००००	३००००
२	NCB- भलुही चोकदेखि चरङ्गे जोड्ने सडक नाली सहित कालोपत्रे	सामर्थ कन्स्ट्रकसन	ल्याब टेस्ट	३००००	३००००
		जम्मा			६००००

प्रमाण पेश नगरेको	६०,०००

८४ **एजबिल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का गर्नुपर्ने व्यवस्था छ। पालिकाले अधिकांस सम्झौतामा एजविल्ट नक्सा पेश गर्नु नपर्ने प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी व्यवस्था राख्नु पर्दछ ।

८५ **विमा**

सम्झौताको विशेष शर्त १९.१ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि समेतको विमा गराउनु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट भएका ठेक्का व्यवस्थापन कार्य मध्ये अधिकांश विमा पोलिसी घटी अवधिको तथा ठेक्का अवधि पछिको विमा पोलिसी पेश भएको छ । केही ठेक्काको विमा समेत गराएको देखिएन । कार्यालयले नियमावली तथा सम्झौता बमोजिम निर्माण कार्यको सम्झौता अनुसार सम्झौता शुरु भएको अवधि देखि सम्पन्न भई त्रुटी सच्याउने अवधिसम्मको नियमानुसार विमा गराउनुपर्दछ ।

८६ **कन्टिन्जेन्सी खर्च अभिलेख**

८६.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने सम्बन्धमा पालिकाबाट कार्यविधि पेश भएको छैन।कार्यालयबाट कन्टिन्जेन्सी कट्टी तथा खर्च सम्बन्धि विवरण माग गरेकोमा प्राप्त भएन । पालिकाबाट कुल कन्टिन्जेन्सी खर्च रु. ४०५०५४५।– भएको पेश भए तापनि विस्तृत विवरण प्राप्त नभएकोले उक्त विवरण प्राप्त नभएकोले लेखापरीक्षणको क्रममा सुत्र प्रणाली तथा बैंक नगदी किताबमार्फत कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन ।पालिकाले कन्टिन्जनेसीबाट भएको खर्च मध्ये सूचना प्रकासन गरेको, २ थान मोटरसाईकल खरिद, हाजिरी मेशिन, सोलार सामाग्री, एयर कन्डिसन मर्मत, फर्निचर, कृषि सामाग्रि खरिद, सवारी साधन मर्मत, चार्जिङ स्टेशनका लागि पूर्वाधार, सामुदायिक वनलाई भुक्तानी, अन्य निर्माण तथा विविध खरिद कार्य एव विविध खर्च गरेको देखिन्छ । कार्यालयले कन्टिन्जेन्सी खर्च सम्बन्धि अद्यावधिक अभिलेख राख्नुका साथै खर्च नियन्त्रण गरी योजनासंग सम्वन्धित आवश्यक खर्च मात्र कण्टिजेन्सीवाट खर्च गर्नुपर्ने देखिन्छ ।

८६.२ **बढी कन्टिन्जेन्सी खर्च** - प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ को दफा १२ को उपदफा ५ बमोजिम कन्टिन्जेन्सी वापत बढीमा तीन प्रतिशतसम्म मात्र राख्न पाईने व्यवस्था उल्लेख रहेको छ । पालिकाले प्रदेश अनुदान तर्फ कुल खर्च रु. २८०४२९२४।०० गरेको देखिन्छ र सो मध्ये निर्माण खर्च रु. २६४७४६६५।- को तीन प्रतिशत मात्र कन्टिन्जेन्सी वापत रु.

७९४२४०।०० खर्च गर्न पाउनेमा रु. १५६८२५९।०० खर्च गरेकोले रु. ७७४०१९।०० बढी कन्टिन्जेन्सी खर्च गरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	७,७४,०१९

८७ **भलुही चोकदेखि चरङ्गे जोड्ने सडक**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले भलुही चोकदेखि चरङ्गे जोड्ने सडक नाली सहित कालोपत्रे निर्माण कार्यका निर्माण व्यवसायी सामर्थ कन्स्ट्रकसन प्रा लिसंग रु. ४१५३६४३।– मा २०८०।१।३१ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८०।३।२४ मा मात्र कार्य सम्पन्न भएको देखिन्छ । उक्त निर्माण कार्यको गत वर्षको भुक्तानी बाँकी भनि यस वर्ष अन्तिम विल वापत भौ नं ७।०८०।६।१५ बाट रु. २४१४२६९।– भुक्तानी भएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति कट्टी गरेको देखिएन ।यस सम्बन्धमा पालिकाले म्याद थप भई कायसम्पन्न भएको जनाएतापनि म्याद थप सम्बन्धि कागजात पेश भएन ।तसर्थ पालिकाले नियमावली बमोजिम तथा सम्झौतामा उल्लेख भएबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिएर मात्र कार्यको भुक्तानी दिनुपर्दछ ।

८८ **सरनताडी झोलुङ्गे पुल**

सरनताडी झोलुङे पुल निर्माणका लागि झोलुङ्गे पुल कार्यक्रमबाट ८५ प्रतिशतले हुने रु. ८६२७०२४, जनश्रमदान २ प्रतिशतले हुने रु. २०२९८८।०० र पालिकाबाट १३ प्रतिशतले हुने रु. १३१९४२७।०० व्यहोर्ने गरी रु. १०१४९४३९।०० मा निर्माण कार्य सम्पन्न गर्ने झोलुङ्गेपुल कार्यक्रमका लागि सम्झौता भएको देखिन्छ । उक्त कार्यका लागि यस वर्षको रु. ४२८०९१।– को उपभोक्ता समितिको फाईनल विल समेत उपभोक्ता समितिको कुल रु. ४९०४३८८।– को विल पेश भएकोमा सम्झौता अनुसार १३ प्रतिशतले हुने रु. ६३७५७०।– लागत सहभागिता भएको प्रमाण पेश गर्नुपर्ने वा संघीय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,३७,५७०

८९ **जटिल प्रकृतिको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

यस

मिति	भौ.नं.	उपभोक्ता समिति	हार्डवेयर तथा ड्रिलिंग व्यवसायी फर्मको विल	उ.सलाई भुक्तानी रु.
०१/२३/२०८१	३५१	वडा न २ देविस्थान डिप बोरिङ्ग उपभोक्ता समिति	शुभलाभ निर्माण सामाग्री विक्री केन्द्र	८६४०००
०२/१९/२०८१	४३३	देविस्थान डिप बोरिङ्ग उ.स.		५०,०००.००
०२/०३/२०८१	३८५	ज्योतिनगर सिचाई वोरिङ्ग उपभोक्ता समिति	विश्वकर्मा ड्रिलिङ उद्योगको विल	५८००००
०२/१३/२०८१	४०२	शिवालय सिंचाई बोरिङ्ग उ.स.लाई रकम भुक्तानी दिईएको	विश्वकर्मा ड्रिलिङ उद्योगको विल	४१८८००
०२/२२/२०८१	४४३	सिक्टहन सामुदायिक भवनको छेउमासिक्टहन पुरुषोत्तमको जग्गामाकदमिपुररेहरा जयपुर र मधुपुरमा १-१ वटा कृषि सिंचाई बोरिङ्ग उ.स.	माँ दुर्गा हार्डवेयर	६७२०००

९० ईन्टरबल्कको कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई श्रममूलक तथा रोजगारी सिर्जना हुने कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत २८ वटा रु. २ करोड २६ लाखको योजनाबाट ईन्टरबल्क लगाउने तथा सोसंग सम्बन्धित कार्य गरेको पाईयो ।उपभोक्ता समितिबाट बढी श्रममूलक तथा रोजगारी सृजना हुने कार्य गराउनुपर्नेमा अधिकांश रकम इन्टरबल्क खरिद गरी निर्माण व्यवसायी तथा कन्क्रिट उद्योगहरुलाई भुक्तानी गर्ने कार्य गरेको देखिन्छ । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

९१ फरक सिमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । त्यसैगरी उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दरले दररेट विश्लेषण गरेकोमा उपभोक्ताले पि.पि.सि सिमेन्ट प्रयोग गरेको विल पाईएकोले जिल्ला दररेटमा उक्त सिमेन्टको दरमा रु. १०१.७ फरक रहेकोले मूअकरसमेत देहाय अनुसारका बाट असुल हुनु पर्ने रु.

भौ.मिति	योजना	नापी अनुसार हुनुपर्ने सिमेन्ट परिमाण	विल पेश	मूअकर समेत रु.
१०।०८०। १२।२२ प्रदेश	देवदह-८ अन्तरगतबंगला डाँडाटोल नालि निर्माण	९६००००	२१४ बोरा ओपिस सिमेन्टको विल हुनुपर्नेमा पिपिसी सिमेन्टको विल मात्र भएकोले फरक दरले असुल हुनुपर्ने	२१७६३
२२।०८१।२। १४ प्रदेश	देवदह-९ घोडाहानागथान पथ नाली निर्माण उ.स.	९६००००	३५० बोरा ओपिस सिमेन्टको विल हुनुपर्नेमा पिपिसी सिमेन्टको विल मात्र भएकोले फरक दरले असुल हुनुपर्ने	३५५९५
४११।०८१। २।१४	आधारभुत स्वास्थ्यकेन्द्र कम्पाउण्ड तथा शौचालय निर्माण उ.स.	५६३६००	१०३ बोरा ओपिस सिमेन्टको विल हुनुपर्नेमा पिपिसी सिमेन्टको विल मात्र भएकोले फरक दरले असुल हुनुपर्ने	१०४७५
४३६।०८१। २।२०	शान्तिमार्ग नालीनिर्माण निरन्तरता उ.स.लाई रकम भुक्तानी दिईएको	२९४०००	१०५ बोरा ओपिस सिमेन्टको विल हुनुपर्नेमा पिपिसी सिमेन्टको विल मात्र भएकोले फरक दरले असुल हुनुपर्ने	१०६७८
४३७।०८१। २।२०	नगर प्रमुख सम्बोधितदुर्गा मन्दिर संरक्षण समिति	१९६०००	३८ बोरा ओपिस सिमेन्टको विल हुनुपर्नेमा पिपिसी सिमेन्टको विल मात्र भएकोले फरक दरले असुल हुनुपर्ने	३८६४
४५६।०८१। २।२३	कुलानन्द मार्ग नालीनिर्माण	४२६८००	८६ बोरा ओपिस सिमेन्टको विल हुनुपर्नेमा पिपिसी सिमेन्टको विल मात्र भएकोले फरक दरले असुल हुनुपर्ने	८७४६
५१६।०८१। ३।१६	सगरमाथा मार्ग खनाली निर्माण उ.स लाई रकम भुक्तानी		१३४ बोरा ओपिस सिमेन्टको विल हुनुपर्नेमा पिपिसी सिमेन्टको विल मात्र भएकोले फरक दरले असुल हुनुपर्ने	१३६२७
५५३।०८१। ३।२३	पिपलडाँडा देखि अमरसिंह चोकसम्म जाने बाटोको दुवै तर्फ नाली निर्माण	१७९६०००	१४१५ बोरा ओपिस सिमेन्टको विल हुनुपर्नेमा सोमध्ये ३५० बोरा पिपिसी सिमेन्टको विल भएकोले फरक दरले असुल हुनुपर्ने	३५५६०
	जम्मा			१४०३०८

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१०,३७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,६६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,५०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,४०,३०८

९२ **मू.अ.कर. समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायीले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौ नं	योजना	निर्माण व्यवसायी	प्यान नं.	विल नं	रकम	भ्याट	कैफियत
७।०८०। ११।१०	देवदह ३ अन्तरगत गौरी टोलदेखि क्याप्टेन टोल जाने बाटोमा वाल निर्माण तथा माटो फिलिङ्ग	एन एस डेभलप्मेन्ट एण्ड कन्स्ट्रक्सन प्रा लि	६१०३६२६८६	०९। ०८०। ११।१५	४६६६५०	६०६६५	विल नं हातले लेखेको
७।०८०। ११।१०	देवदह ३ अन्तरगत गौरी टोलदेखि क्याप्टेन टोल जाने बाटोमा वाल निर्माण तथा माटो फिलिङ्ग	एन एस डेभलप्मेन्ट एण्ड कन्स्ट्रक्सन प्रा लि	६१०३६२६८६	०8 । ०८०। ११।१५	३१९००	४१४७	विल नं हातले लेखेको
१७। ०८१।१। २५	कार्यालय पार्किङ तथा चार्जिङ स्टेशन निर्माण	डि . सि . विल्डर्स	६०५४९८९२९	१८। ०८१। १।२०	४३१३९८	५६०८१	विल नं हातले लेखेको
४८। ०८१।३। २३	देवदह-६ अन्तर्गत आँधिखोला मार्ग कालोपत्रे	एन एस डेभलप्मेन्ट एण्ड कन्स्ट्रक्सन प्रा लि	६१०३६२६८६	३३। ०८१। ३।२२	२७५३१४	३५७९०	विल नं हातले लेखेको
१३। ०८०।६। १७	चण्डी भट्टराईको घर देखि केरवानी सम्म बाटो मर्मत	रमेश कन्स्ट्रक्सन	३००४०२३७७	०१। ०८०। ३।२४	७४१५२९	९६३९८	विल नं हातले लेखेको
२१। ०८०।। ६।२४	गणेश पथ अधुरो निर्माण कार्य	सामर्थ कन्स्ट्रक्सन प्रा लि	६०६७१९८४३	१। ०८०। ६।४	१६६९२९	२१७००	विल नं हातले लेखेको
२२। ०८०।६। २५	देवदह नगरपालिका कार्यालय जाने सडक	एन एस डेभलप्मेन्ट एण्ड कन्स्ट्रक्सन प्रा लि	६१०३६२६८६	१। ०८०। ६।८	१३६४१८	१७७३०	विल नं हातले लेखेको
५७। ०८०।९। ५	सडक बोर्ड क्याप्टन टोल देखि सिसपुर हुदै वडा सम्म कालोपत्रे	एन एस डेभलप्मेन्ट एण्ड कन्स्ट्रक्सन प्रा लि	६१०३६२६८६	४। ०८०। ८।२५	४४३३३९	५७६३४	विल नं हातले लेखेको
३७६। ०८१।२। २	रामबृक्षको घर पश्चिम बाटो ग्राभेल	एन एस डेभलप्मेन्ट एण्ड कन्स्ट्रक्सन प्रा लि	६१०३६२६८६	२३। ०८१। १।१०	१३५०००	१७५५०	विल नं हातले लेखेको
		जम्मा				३६७६९५	

प्रमाण पेश नगरेको	३,६७,६९५

९३ खानेपानी अनुदान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलगन कागजात अनुसार रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ बमोजिम निर्माण कार्य सम्पन्न

भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने र साथै नियम १५ बमोजिम हस्तान्तरित आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्नेछ र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नु पर्नेछ पालिकाले खानेपानी कार्यालय मार्फत संचालित खानेपानी योजनाका लागि सोही कार्यालयबाट समेत खर्च छुट्याईएको हुने तथा उपभोक्ताले हस्तान्तरण भएका योजनाका लागि कोष स्थापना गरी कार्य गर्नुपर्नेमा पालिकाबाट समेत उक्त अनुदान खर्च हुनु उचित देखिएन । पालिकाले देवदह खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई यस वर्ष उपभोक्ता समितिले ३ वटा कोटेशन पेश गरेको र आपूर्तिकर्तासंग सम्झौता गरेको आधारमा सोझै रु.१० लाख अनुदान निकासा गरेको छ ।पालिकाले पानी परिक्षण प्रयोगशालाका लागि खानेपानी डिभिजन कार्यालयको जानकारी तथा समन्वय वेगर उक्त अनुदान रकम निकासा गरेकोमा सोको लागत अनुमान, फोटो कार्यसम्पन्न तथा अनुगमन समेत संलग्न नगरी तथा सोझै अनुदान दिएको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१०,००,०००

९४ विल वेगर भुक्तानी

खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले देवदह-३ स्वास्थ्य चौकी निर्माण उपभोक्ता समितिका लागि रु. २१०२३२१।०० को कार्यसम्पन्न गरी रु. १७७९०००।०० भुक्तानी भएकोमा उक्त रनिंग विलमा ५ वटा सिलिंग पंखाको रु. ३०७५।०० का दरले रु. १५३७५।०० भुक्तानी भएकोमा ४ वटा सिलिंग पंखाको रु.८८००।- मात्र विल रहेकोले १ वटा जडान नभएको सिलिङ पंखाको रु. ३०७५।०० असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३,०७५

९५ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष देहाय अनुसारका शिर्षकहरुमा देहाय अनुसार अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजना तथा कार्यक्रममा खर्च गरेको छ। पालिकाले उक्त खर्चहरु मध्ये अधिकांश खर्च उपभोक्ता समिति, मन्दिर निर्माण, खेलकुद सामाग्री र प्रतियोगिता, विद्यालयलाई अनुदान, सामुदायिक वन तथा अन्य खर्च गरेको पाईयो । अबण्डामा बजेट राखी पालिकाले निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। तसर्थ पालिकाले बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाई खर्च गर्नुपर्दछ ।

सि नं	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च रु.
१	उजेरी होमस्टे पुर्वाधार निर्माण- नगर प्रमुख सम्बोधित	४५८२९६
२	सकुन्धरा देवी आधारभुत विद्यालय पुर्वाधार निर्माण- नगर प्रमुख सम्बोधित	१०००००
३	नगर उप-प्रमुख सम्बोधित कार्यक्रम	४४६४७०९
४	नगर प्रमुख सम्बोधित कार्यक्रम	५७०००००
५	जनता आधारभुत विद्यालय पुर्वाधार निर्माण- नगर प्रमुख सम्बोधित	१०००००
६	वडा अध्यक्ष संवोधित विविध कार्यक्रम	४०४००१

९६ उपभोक्ताबाट हेभी इक्विपमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन

नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । मेशिन मात्र प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। नमुना छनौटका आधारमा हेर्दा पालिकाले यस वर्ष देहाय अनुसारका कार्य उपभोक्ता समितिसँग सम्झौता गरेकोमा मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यसरी निर्माण कार्यमा उपभोक्ता समिति मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको तथा हेभी मेशिन प्रयोग गर्न सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको देखिदैन । यस तर्फ सुधार हुनुपर्दछ।

९७ उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । यससम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

- उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन ।
- अनुगमन समितिले सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

९८ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको केही रनिंग बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

९९ मूल्य अभिवृद्धि कर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिका कार्यमा उपभोक्ताले पेश गरेको मूल्य अभिवृद्धि कर सहितको विल भरपाई भन्दा बढी हुने गरी मूल्य अभिवृद्धि लागत अनुमानमा समावेश गरी मूल्यांकन अनुसार भुक्तानी दिएको बढी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु.

भौ नं मिति	उपभोक्ता समिति	व्यहोरा	मूल्यांकन अनुसार भुक्तानी भएको मूअकर	पेश भएको मूअकर विल अनुसार	मूअकर बढी भुक्तानी रु.
१२।०८१।१।१३	देवदह ३ को स्वास्थ्य चौकी बाँकि निर्माण कार्य	ईन्टरलक ब्लक ६०एम एम मोटाई M25 १२९ . ३९ घन मीटरको लागि मूल्यांकन अनुसार रु . १४४६५८ भएकोमा रु . ५४९९९ को विल पेश	१६६४२	६३२७	१०३१५
१०।०८०।१२।२२ प्रदेश	देवदह-८ अन्तरगत बंगला डाँडाटोल नालि निर्माण	ईटा लगाउने कार्यमा २९५७४ ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु.४७९५५७।- भएकोमा २५००० ईटाको रु.३३९०००।- को विल पेश	५५१७०	३९०००	१६१७०
३८८।०८१।२।४ प्रदेश	चमटोलिया गाउ भित्री बाटो मर्मत	ईटा लगाउने कार्यमा ६७२० ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. १०८९६८। - भएकोमा ६००० ईटाको रु. ७४५८०। - को विल पेश	१२५३६	८५८०	३९५६
४११।०८१।२।१४ प्रदेश	आधारभुत स्वास्थ्य केन्द्र कम्पाउण्ड तथा शौचालय निर्माण उ.स.	ईटा लगाउने कार्यमा ४००० ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. ७४६२। - भएकोमा ३००० ईटाको रु.४०८११।- को विल पेश	७४६२	४२११	३२५१
		जम्मा			३३६९२

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,०२५** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,८३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१३,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३३,६९२

१०० **सामुदायिक वन**

वन नियमावली, २०७९ को नियम ४२ मा सामुदायिक वनको संरक्षण र व्यवस्थापनको जिम्मा समेत स्वयं वन उपभोक्ता समिति हुने रहेको देखिन्छ । सोही नियमावलीमा स्थानीय तहले सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय, स्थानीय तह तथा सामुदायिक वन उपभोक्ता समूहको सहकार्यमा पर्यापर्यटनको कार्य गर्न सक्ने उल्लेख छ । पालिकाले यस वर्ष पालिकामा रहेको सामुदायिक वनहरुबाट राजश्व नलिए पनि नमुना छनौटका आधारमा हेर्दा देहाय अनुसारका सामुदायिक वनको तारबार व्यवस्थापन वापत खर्च गरेको पाईयो । सयसरी सामुदायिक वनको कार्ययोजना बमोजिम डिभिजन वनको सहकार्यमा वन व्यवस्थापन तथा संरक्षणको कार्य हुनुपर्नेमा पालिकाबाट डिभिजन वनको सिफारिस तथा जानकारी वेगर वन संरक्षण तथा व्यवस्थापन वापत खर्च गरेको नियम सम्मत नदेखिएको रु.

<table>
<tr><th>भौ. नं मिति</th><th>सामुदायकि वनको नाम</th><th>रकम रु</th></tr>
<tr><td>३७।०८०।७।२२</td><td>बुद्ध सामुदायिक वन उ.स.</td><td>५००००</td></tr>
<tr><td>३२६।०८१।१।७</td><td>श्रृजना सामुदायिक वन उ.स.</td><td>१८६०००</td></tr>
<tr><td>३३२।०८१।१।९</td><td>प्रगति सामुदायिक वन उपभोक्ता समिति वडा न ९</td><td>४६२०००</td></tr>
<tr><td rowspan="2">४६२।०८१।२।२३</td><td>जनप्रिय सामुदायिक वन उ.स.</td><td rowspan="2">२९०७६४</td></tr>
<tr><td>नगरप्रमुख सम्बोधित कार्यक्रम</td></tr>
<tr><td>४०५।०८१।२।१३</td><td>सृजना सामुदायिक बन</td><td>२६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०१४७६४</td></tr>
</table>

अनियमित भएको	१०,१४,७६४

१०१ **रहेरा खानेपानी**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष भौ नं ४६६।०८१।२।२४ बाट रहेरा खानेपानी योजनालाई लागत अनुमान वेगर रु. २ लाख अनुदान निकासा गरेको नियमानुसार देखिएन । उक्त अनुदान वापत रहेरा खानेपानी तथा सरसफाई उपभोक्ता समितिले १४५ थान १/२ वाटर मीटर रु. १९०६७५।– मा र १ थान मोटर तथा पाईप (प्यान विल) खरिद गरेको विल पेश गरेको देखिन्छ । यस सम्बन्धमा उक्त वाटर मिटरहरु को जडान भएको प्रतिवेदन र अनुगमन गरेको देखिएन । यस सम्बन्धमा प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

१०२ भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हाल ई.एफ.टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्दछ । पालिकाले देहाय अनुसार अमानतबाट कार्य गराई खर्च गरेकोमा सम्बन्धित आपूर्तिकर्ता।फर्मलाई भुक्तानी नदिई देहाय अनुसार कर्मचारी।व्यक्तिको नाममा भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु. यस्तो भुक्तानी तथा खर्चलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

मिति	योजना तथा कार्यक्रम खर्च विवरण	भुक्तानी लिने व्यक्ति	भुक्तानी रु .
४९१।०८१।३।१३	वडा नं ३ का वडा सचिव लाई कुर्ची खरिदको भुक्तानी	हुँम बहादुर सिँजाली	९६३००
४९८।०८१।३।१३	वडा सचिव सिता अधिकारी लाई रकम भुक्तानी	सिता अधिकारी	९१८८८
५०२।०८१।३।१३	ह्युम पाईप खरिद	सिता अधिकारी	७५०००
	जम्मा		२६३१८८

अनियमित भएको	२,६३,१८८

१०३ उपभोक्ता समितिबाट कार्यालय निर्माणका कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र उपनियम १२ अनुसार उक्त निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार वा अन्य सरकारी निकायले उपभोग गर्ने, हक भोग नहुने र उपभोक्ता समितिलाई आयोजनाको स्वामित्व हस्तान्तरणा नहुने भवन लगायतका अन्य संरचनाहरू उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरेको पाइयो । यसरी लाभग्राही समुदायले प्रत्यक्ष लाभ लिन नसक्ने विषयमा समेत जनश्रमदान सहित निर्माण कार्य उपभोक्ता समितिबाट गराउन नमिल्ने भएकोले उक्त कार्य नियम सम्मत नदेखिएको रु.

भौ. नं .	निर्माण कार्य उपभोक्ता समिति	भुक्तानी रु.
१२।०८१।१।१३	देवदह ३ को स्वास्थ्य चौकी बाँकि निर्माण कार्य	१७७९०००
३३९।०८१।१।१३	१२ नं वडा कार्यालय मर्मत उ.स.	४८००००
२२४।०८०।१२।१	वडा कार्यालय कम्पाउण्ड प्लास्टर गेट निर्माण र थप कोटा फिनिसिङ्ग	४८००००
	जम्मा	२७३९०००

अनियमित भएको	२७,३९,०००

१०४ पेश्की बाँकी

१०४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको सुत्रमा रहेको म.ले.प.फारम नं २११ फर्सयौट गर्न बाँकी पेश्कीको मास्केवारी अनुसार २०८१ असार मसान्त सम्मको विवरण बमोजिम कार्यालयका कर्मचारी सहायक पाँचौ फडेन्द्र प्रसाद बगालेलाई भौ नं २८०।०८०।।८।२५ बाट विविध कार्यक्रम खर्चको लागि रु. ५००००।- यस वर्ष दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ । म्याद नाघेको पेश्की रु.५००००।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

पेश्की	५०,०००

१०४.२ **गत विगतको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको सुत्रमा रहेको म.ले.प.फारम नं २११ फर्सयौट गर्न बाँकी पेश्कीको मास्केवारी अनुसार गत विगत वर्षको देहाय अनसार पेश्की बाँकी रहेको विवरण पेश गरेको छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ । सोमध्ये श्री सिता माध्यमिक विद्यालयलाई दिएको पेश्कीको म्याद नाघेकोले पेश्की फछ्र्यौट हुनुपर्ने रु.

क्र स	पेश्की लिनेको नाम	गत वर्षको	जम्मा पेश्की	म्याद नाघेको
१	ओम सत्यसाई।भिमज्योती।ओम इन्फ्राटेक जे.भि.	संघिय समपुरक अनुदान कृषि र अस्पताल	५११८०००	
२		निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	१८००००	
	नेपाल विद्युत प्राधिकरण बुटवल शाखा			
3	श्री सिता माध्यमिक विद्यालय	सीता मा.वि. मा बस अनुदान	१३५००००	१३५००००
४	ओम सत्यसाई।भिमज्योती।ओम इन्फ्राटेक जे.भि.	आवासीय भवन निर्माण/खरिद	१०००००	
५	ओम सत्यसाई।भिमज्योती।ओम इन्फ्राटेक जे.भि.	सामुदायिक अस्पताल निर्माण	३५४८९४४	
६	श्री सिता माध्यमिक विद्यालय	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	१८०००००	१८०००००
			१२८९६९४४	३१५००००

पेश्की	३१,५०,०००

१०५ **नदीजन्य पदार्थ उत्खनन**

स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ६२ (क) वमोजिम ढुङ्गा गिट्टी बालुवा गाउँपालिका वा नगरपालिकाले विक्रि गरी प्राप्त राजश्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु. २८९०३६७४।– राजस्व संकलन गरेको छ ।पालिकाले नदीजन्य पदार्थ सम्बन्धमा कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

पालिकाबाट यस वर्ष रोहिनी खोला, घोडाहा खोला, भुलुही खोलाहरुका ९ वटा घाटको IEE भएकोमा ४ वटा घाटमा ठेक्का लगाएको, भलुही खोलाको देवदह मेडिकल कलेजलाई जिल्ला समन्वय समिति र कार्यपालिकाको निर्णयबाट देवदह मेडिकल कलेजलाई दिएको, रोहिणी खोला रोहिणी ड्याममा सम्झौता भएपनि उत्खन्न गर्न नआएको, रोहिणी खोला टटेरा।बसन्तपुर।सरदार नगर घाट) मा स्थानीय विवाद भएको कारण ठेक्का लाग्न नसकेको तथा अन्य ४ घाटमा राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिबाट अनुमति प्राप्त नभएकोले ठेक्का व्यवस्थापन हुन नसकेको विवरण प्राप्त भएको छ । कार्यालयले नदीजन्य पदार्थ सम्बनधमा उपरोक्त ठेक्काहरुबाहेक अन्य नदीजन्य पदार्थ स्टक जफत, जरिवाना वा अमानत।स्टक जफतको कार्य नभएको विवरण पेश गरेको छ । पालिकाले सबै घाटहरुमा IEE अनुसार सूचना निकाली समयमै ठेक्का व्यवस्थापन गरेर तथा कानून बमोजिम उचित अनुगमन तथा नियमन गरी व्यवस्थित रुपमा आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१०६ **भलुही खोला नदीजन्य पदार्थ उत्खन्न**

देवदह नगरपालिकाको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ (पहिलो संशोधन २०७९) को परिच्छेद ३ मा नदिजन्य पदार्थको विक्री सम्बन्धि व्यवस्था रहेको र सोको दफा ८ को उपदफा ६ मा यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भए तापनि

राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाहरुका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा कार्यविधिमा तोकिएको दररेटमा कानून बमोजिम लाग्ने कर समेत जोडी नगरपालिकाले आयोजनालाई संकलन अनुमति दिन सक्ने उल्लेख छ ।

देवदह नगरपालिका वडा नं ९ को क्षेत्रमा अवस्थित भलुही खोलाबाट नदीजन्य पदार्थ भस्कट जम्मा भई खेल मैदान, देवदह मेडिकल कलेज र खेतियोग्य जग्गामा क्षति हुने सम्भावना भएको जनाई प्राविधिक प्रतिवेदन समेतका आधारमा प्रचलित कानुन बमोजिम राजस्व लिई बुटवल नारायणघाट सडक आयोजना र ICP परियोजनालाई उपलब्ध गराउने २०८०।९।२१ को जिल्ला विपद व्यवस्थापन समितिबाट निर्णय भएकोमा पुन: २०८०।१२।१९ मा सोही समितिबाट अघिल्लो निर्णयमा भएको बुटवल नारायणघाट सडक आयोजनाको स्थानमा देवदह मेडिकल कलेज शब्दाली राख्ने गरी निर्णय गरेको र सोही बमोजिम पालिकाले समेत कार्यापालिकाबाट २०८१।१।७ मा निर्णय गरी सोही आधारमा देवदह मेडिकल कलेजसंग २०८१।१।२० मा कुल परिमाण १४१२५८ घन फिट उत्खन्नको लागि कार्यादेश दिई रु. ११३००६९।– मा सम्झौता गरी कार्य सम्पन्न भएको विवरण पेश भएको छ । यस सम्बन्धमा पालिकाले गौरवका आयोजनाको सट्टा प्रतिस्पर्धा वेगर उपरोक्त अनुसारको निर्णय गरी देवदह मेडिकल कलेजलाई विक्री गरेको नियम अनुसार देखिएन । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

१०७ **आ व २०७७।७८ को नदीजन्य पदार्थ ठेक्काको स्टकको जरिवाना**

देवदह नगरपालिकाको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ को परिच्छेद ५ को दफा १८ को उपदफा १२ मा बोलपत्रदाता। ठेकेदार व्यवसायीहरुले थुपारी तथा घाटगद्धी गरी राखेको नदीजन्य पदार्थ चालु आर्थिक वर्षको अन्तसम्म (अषाढ मसान्तसम्म) विक्री वित्तरण तथा ओसार पोसारको कार्य सम्पन्न गरी कार्य सम्पन्न गर्नुपर्ने तथा चालु आर्थिक वर्ष भित्रमा सम्पन्न गर्न नसकेमा आफूसंग रहेको परिमाण प्रमाणित गर्न लाग्ने शुल्क प्रति घन फुट रु. ०.५० (पचास पैंसा) तिरी आफ्नो मौजदात प्रमाणित गराई सक्नुपर्ने अन्यथा श्रावण १५ गते भित्र घाटगद्धी स्थलमा रहेको नदीजन्य पदार्थको मौजदाता प्रमाणित नगराएमा प्रति घन फुट रु. २ का दरले जरिवाना तिर्नुपर्ने उल्लेख छ । आर्थिक वर्ष २०७७।७८ मा नदीजन्य पदार्थ सम्बन्धि ५ वटा ठेक्का व्यवस्थापन भएकोमा उक्त नदीजन्य पदार्थको स्टक म्याद भित्र समयमा व्ययवसायीले प्रमाणित नगराएकोले २०७८ श्रावण १ मा पालिकाले कार्यविधि अनुसार जरिवाना लाग्ने सूचना निकालेको, २०७९।१०।२३ मा जिल्ला समन्वय समितिको २०७९।१०।९ को निर्णय बमोजिम रु. २ का दरले हुन आउने रकम उक्त ५ फर्मबाट जरिवाना शुल्क लिने निर्णय भएकोमा पटक पटक पत्राचार गरेकोमा सो मध्ये देहाय अनुसार २ फर्मले आंशिक रुपमा शुल्क बुझाएको छ । उक्त जरिवाना शुल्क सम्बन्धमा २०८१।४।३० मा उत्प्रेषण निशेधाज्ञा परमादेश रिट निवेदन परेको र २०८१।५।१७ मा उच्च अदालत, तुल्सीपुरबाट सो निवेदनमा माग भए बमोजिमको आदेश जारी हुने अवस्था विद्यमान नदेखिएकोले रिट खारेज गरेको विवरण पेश भएको छ । तत्पश्चात पालिकाले उक्त निर्णय अनुसार हाल सम्म जरिवाना शुल्क दाखिला सम्बन्धमा निर्णय गरेको देखिएन । पालिकाले जरिवाना शुल्क संकलन सम्बन्धमा सिघ्र निर्णय गर्नुपर्ने देखिन्छ ।

आर्थिक वर्ष २०७७।७८ मा नदीजन्य पदार्थ सम्बन्धि ५ वटा ठेक्का व्यवस्थापन भएकोमा उक्त नदीजन्य पदार्थको स्टक म्याद भित्र समयमा प्रमाणित नगरेकोले जरिवाना असुल हुन बाँकी रहेको सम्बन्धमा विवरण देहाय अनुसार पेश भएको छ ।

क्र. स .	फर्मको नाम	असुली हुनुपर्ने	यस वर्ष असुली	बाँकी रु
१	श्रेष्ठ ट्रेडिंग सप्लायर्स श्रेप्ठ कन्स्ट्रकसन	८४६४९३	५६४३३०	८४६४९३
२	आचार्य विल्डर्स	५५५५१२	०	५५५५१३
३	लुम्बिनी देवदह कन्स्ट्रकसन	५८४६४४	३८९७६५	५८४६४५
४	कृषभ निर्माण सेवा	७३२११२	७३२११३	७३२११३
५	खनाल कान्छा सप्लायर्स	१०७८३८०	१०७८३८०	१०७८३८०
		जम्मा		३७९७१४४

१०८ **निजी शैक्षिक संस्थाहरुको व्यवसाय कर**

देवदह नगरपालिकाको आर्थिक ऐन , २०८० को अनुसूची ४ को दफा ६ मा शैक्षिक संस्थाहरुलाई तोकिएको दरमा व्यवसाय कर तिर्नुपर्ने व्यवस्था छ।जस अनुसार पालिकाले शैक्षिक संस्थाहरुलाई आ.व. २०८०।८१ का लागि व्यवसाय कर तिर्न आउने भनी मिति २०८०।७।१३ मा सबै निजी शैक्षिक संस्थाहरुलाई पत्र लेखेको पाइयो। तर सो पत्र बमोजिम जम्मा पालिकामा रहेका २२ वटा शैक्षिक संस्थाहरु संचालन रहेको मध्ये ११ वटा शैक्षिक संस्थाहरुले आ.व.२०८०।८१ का लागि नवीकरण गर्न आएको देखिएन। यस्ता शैक्षिक संस्थाहरुलाई प्रचलित कानुन बमोजिम हर्जाना समेत नवीकरण शुल्क असुली गराउने तर्फ पालिकाले जोड दिनु पर्दछ।

१०९ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन्

१०९.१ **भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा दाखिला गर्न पहिलो ,दोस्रो, तेस्रो र चौथो त्रैमासिक गरी जम्मा रु, २४ करोड २४ लाख १५ हजार ८१९ सबै किस्ता EFT मार्फत निकासा गरेको देखिन्छ ।तर नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र लाभग्रही समक्ष रकम EFT गरेको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र सम्बन्धित खातामा रकम पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

१०९.२ **सामाजिक सुरक्षा :** लगत कट्टाः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भई लगत कट्टा भएका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको लगत कट्टा र निकासाको विवरणको नमुना भिडान गर्दा देहायका अन्य जेष्ठ नागरिक लाभग्राहीहरुलाई लगत कट्टा पछिको अवधिमा समेत बैंक मार्फत निकासा दिइएकोले फिर्ता गर्नु पर्ने रु,

लाभग्राहीको नाम	परिचय पत्र नं.	वडा नं.	फिर्ता रकम रु.
चन्नर चमार	१९९४०७२०००५१९	१२	७८७७
पूर्णकला भण्डारी	१९९९१००५००१३३	१	४६८५
इन्द्र कुमारी सेन	२००००८१५००१८१	५	४४१९
ढेला लोधिन	२०१००२०५०२८९१	१२	१३६०
मित्रलाल लम्साल	१९९६०७२२००५२८	१	२७२९
फुल कुमारी थापा	२००८०४०५०६५९५	१	३०८३
रन बहादुर राना	२००२१००५०५३६५	२	३३५१
गज्जर कुमाल	२००००४१०००१५७	७	३६२१
ललती देवी थारु	१९९४०५०२०१४०२	११	३२२२
धनमायाँ क्षेत्री	२००१०८२३०००३५	७	६२८१
विजय कुमार लोध	२००८१००९०२१३३	१२	९६१
जुमागी फकिर	१९९००१०७०००६१	१	९६१
सर्वजित पुन	२००८११२९०१९१४	५	१४८१
मिना गुरुङ	२०१११९०८००३३६	५	६२८१
यम बहादुर ढेंगा मगर	२००२०८१००२४६५	३	१४९३
जम्मा			५१८०५

असुल गर्नुपर्ने	५१,८०५

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : देवदह नगरपालिका, रुपन्देही , देवदह नगरपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	कृष्ण प्रसाद सापकोटा	२०८०-५-४	हाल सम्म कार्यरत
लेखा प्रमुख	निरज पौडेल	२०७७-८-११	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७१४,६०२	२५,२८७,८२०	१२,१६१,४२२	०	०	३,२००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					४१,३६३,८४४
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					३,५३१,०४३
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३७,८३२,८०१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१६८२६०४०१.२४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३९७२२१५६८.९९	**चालु खर्च**	४८७५२३९०४.८८
प्रदेश सरकारबाट अनुदान	२९०३६४१३	**पूँजीगत खर्च**	२२७००४९६५
राजश्व बाँडफाँट	११८२६३६७८.५७	**वित्तीय/अन्य व्यवस्था**	२५९२१९२२२.२
आन्तरिक आय	८१८०५९११.७६		
अन्य आय	२९९७४४३०५.९७		
कुल आय	९२६०७१८७८.२९	**कुल खर्च**	९७३७४८०९२.०८
बाँकी मौज्दात		१२०५८४१८७.४५	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका थप क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण बेहोरा कार्यान्वयन नहुने र आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।